का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ जेठ २०७९,
सोमबार
23 May 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १०७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## चुनावको संदेश

# झुक्याउन सकिन्न

०७४ मा चुनाव जितेर पाँच वर्ष काम गरेका जनप्रतिनिधिहरु जो पुन: दोहोरिन चाहेका थिए, तिमध्ये अधिकांश उम्मेदवार यसपालि पराजित भएका छन् ।

पुन: दोहोरिन चाहनेको हार केलाउन धेरै टाउको दुखाउनु पर्ने छैन । गरेको बाचा अनुसार काम गर्न सकेनन् जनताले हराइदिए । पुन: दोहोरिन चाहने जनप्रतिनिधिलाई हराइदिएर मतदाताले नयाँ जनप्रतिनिधिलाई दिएको एउटै संदेश हो, फेरि जित्न विश्वास जित्नुस् ।

■ *कृष्ण खनाल, राजनीतिशास्त्रका प्राध्यापक*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ जेठ ।

तत्कालिन स्थानीय तह पुनर्संरचना आयोगका अध्यक्ष एवं राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वर्तमान अध्यक्ष वालानन्द्र पौडेलका अनुसार २०७९ सालको चुनाव अनेक अर्थमा संदेशपूर्ण छ । एक हो- दोहोरिन चाहनेका जनप्रतिनिधिहरुको पराजय ।

'व्यक्तिगत रुपमा कोही पराजित हुनु र विजयी हुनुमाथि टिप्पणी गर्न मिलेन् । तर, समग्रमा हेर्दा जनताले दोहोरिन चाहनेहरुलाई संदेश दिएका छन् । फेरि चुनाव जित्ने भए विश्वास जित्नुस्' पौडेलले चुनावी अनुभव र मतदाताको मनोविज्ञानको चरित्र विश्लेषण गर्दै भने । उनका अनुसार स्थानीय तहप्रति नेताहरुको आर्कषण बढेको छ । 'स्थानीय तहको पहिलो पटक चुनाव हुँदै गर्दा अहिलेको भन्दा कम आर्कषण थियो कि भन्ने लाग्छ । त्यसकारण कम वेटका

– बाँकी पृष्ठ २ मा

## ■ मुख्य शहरको नतिजा आउन बाँकी

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ जेठ ।

वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह निर्वाचनको अन्तिम मतपरिणाम आउनेक्रम जारी छ । निर्वाचन आयोगका अनुसार आइतबार राति ८ बजेसम्म ७ सय १९ स्थानीय तहको अन्तिम मतपरिणाम सार्वजनिक भइसकेको छ ।

– बाँकी पृष्ठ २ मा

# थेग्नै नसकिने मूल्य बृद्धि

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ८ जेठ ।

लगातार बढिरहेको इन्धनको मूल्य फेरि बढाइएको छ । पाँच दिनकै फरकमा थप मूल्यबृद्धि गर्दा उपभोक्तालाई पेट्रोलियम पदार्थको मूल्य धान्नै कठिन बनेको छ । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ । निगमले पेट्रोल, डिजेल र मट्टितेल प्रतिलिटर १० रुपैयाँका दरले बढाएको हो । पाँच दिन अगाडि मात्रै सरकारले पेट्रोलियम पदार्थको मूल्य बढाएको थियो । पाँच दिन अगाडि पनि १० रुपैयाँ प्रतिलिटर बढाइएको इन्धनको भाऊ फेरि बढाइएको हो ।



अब पेट्रोलको मूल्य प्रतिलिटर १८० रुपैयाँ तथा डिजेल र मट्टितेलको मूल्य १६३ रुपैयाँ पर्ने भएको छ । एक महिनाको अवधिमै मूल्य बृद्धि आकाशिएको छ । गएको ११ चैतमा पेट्रोलको मूल्य प्रतिलिटर १४२ थियो । तर एक महिनाभित्रै बढेर १८० पुगेको छ । एक महिनामै प्रतिलिटर ३८ रुपैयाँ मूल्यबृद्धि भएको छ ।

त्यसबेला डिजेलको मूल्य १२८ र मट्टिटतेल १२८ प्रतिलिटर कायम गरिएको थियो । त्यसअघि पनि मूल्य बृद्धिप्रति असन्तुष्टि हुने गरेको थियो । तर अहिले जस्तो ठूलो संख्यामा बढाइएको थिएन । ०७७ चैतमा पेट्रोलको मूल्य प्रतिलिटर १२० थियो । डिजेल र मट्टिटतेलको मूल्य प्रतिलिटर १०३ थियो । तर भारी मूल्यबृद्धि गर्दै प्रतिलिटर १८० सम्म मूल्य पुगेको छ ।

खाना पकाउने ग्यासको पनि मूल्य बढाइएको छ । खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिण्डर २ सय रुपैयाँ बढेको छ । मूल्य बृद्धिपछि ग्यासको भाउ प्रतिसिलिण्डर १८ सय पुगेको आयल निगमले जनाएको छ । नयाँ मूल्य आइतबार राति १२ बजेदेखि लागू भएको छ ।

# पुस्तक नदिने सरकार !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ जेठ ।

नयाँ शैक्षिक सत्रको पठनपाठन सुरु हुँदा पनि विद्यार्थीले पाठ्यपुस्तक पाउन नसकेपछि आलोचना चुलिएको छ । जेठ पहिलो सातादेखि शैक्षिक सत्रको सुरु भएपनि जनक शिक्षा सामग्रीले समयमै पाठ्यपुस्तक नछाप्दा सरकारले आलोचना खेप्नु परेको हो ।

स्थानीय निर्वाचनमा दुरदराजसम्म पार्टीको पर्चा र नारा पुर्‍याउन सक्ने सरकारले विद्यार्थीको भविष्यमाथि भने खेलबाड गर्न खोजेको भन्दै आलोचना पनि भइरहेको छ । हालसम्म पनि सिन्धुपाल्चोक, धादिङ, मनाङ, मुस्ताङ, डोल्पा लगायतका स्थानमा पाठ्यपुस्तक पुग्न सकेको छैन । अझैपनि कक्षा ५, ६ र ८ को पाठ्यपुस्तक छाप्न बाँकी रहेको जनक शिक्षा सामाग्री लिमिटेडले जनाएको छ ।

छापिएका पुस्तक पनि कहिले विद्यार्थीको हातमा पुग्छ भन्ने टुंगो लागेको छैन । '८० प्रतिशत किताब छापिसक्यौं भनेका छन्, वर्षात् सुरु भइसक्यो,' धनगढीका पुस्तक व्यवसायीसमेत रहेका प्रश्न गरे, ' बाजुरा, बझाङ, मुगु, हुम्लालगायत दुर्गमका जिल्लामा कसरी किताब पठाउने ? नेपाल पुस्तक तथा स्टेसनरी



व्यवसायी महासंघका अध्यक्ष सञ्जयकुमार चौधरीले प्रश्न गरे । उनले जनक शिक्षाले फटाफट पुस्तक उपलब्ध गराए पनि बिक्री वितरण र ढुवानी गरेर देशभरका विद्यालयसम्म पुऱ्याउन कम्तीमा दुई साता लाग्ने जानकारी दिएका छन् । '५, ६ र ८ को किताब अपुग छ, २५ लाखजति किताब

– बाँकी पृष्ठ २ मा

# डलरको भाउ बढ्दा रेमिट्यान्समा बढोत्तरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ

अमेरिकी डलरको मूल्य निरन्तर उकालो लाग्दा वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र उनीहरूका परिवारले लाभ पाउने देखिएको छ । आइतबार अमेरिकी डलरको मूल्य हालसम्मकै उच्च विन्दुमा पुगेको छ । वैदेशिक रोजगारीमा रहेर घरमा रकम पठाउनेहरुले अघिल्लो महिनाको तुलनामा उच्च सटही दर पाउने भएका छन् ।

नेपाल राष्ट्र बैंकले आइतबारका लागि एक अमेरिकी डलर खरिद मूल्य १ सय २४ रुपैंया ३८ पैसा तोकेको थियो । लामो समयसम्म एक डलरको वाणिज्य बैंकहरूको खरिद मूल्य १ सय २० रुपैयाँ कायम थियो । अमेरिकी डलरको तुलनामा भारतीय रूपैयाँ अवमूल्यन भएपछि स्थायी सटहीदर कायम गरिएको नेपाली रूपैयाँ पनि अवमूल्यन भएको हो ।अमेरिकी डलरको मूल्यमा भएको वृद्धिले नेपालमा रेमिट्यान्स बढ्ने छ । विदेशी मुद्राको सञ्चितिमा रहेको दबाब आयात रोकिएमा आगामी महिनादेखि केही कम गर्न सहयोग पुऱ्याउन सक्ने आंकलन गरिएको छ ।

अमेरिकी डलर मात्र नभई ठूलो संख्यामा नेपाली कामदार वैदेशिक रोजगारीमा रहेका मुलुकका मुद्राको सटही दर पनि बढेको छ । नेपाल राष्ट्र बैंकले आइतबारका लागि तोकेको विनिमय दर अनुसार एक साउदी

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### इराक र अफगानिस्तानबाट फर्केर उपमहानगरको मेयर



**काठमाडौं/मस-** धरान उपमहानगरपालिकाको प्रमुखमा निर्वाचित हर्क साम्पाङले विगतमा वैदेशिक रोजगारीको लागि ६ वर्षसम्म इराक र अफगानिस्तानमा काम गरेको खुलेको छ । यस पटक सम्पन्न स्थानीय तहको निर्वाचनमा वैदेशिक रोजगारसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएका धेरै व्यक्ति निर्वाचित भएका भए पनि उपमहानगरपालिका प्रमुख जस्तो मर्यादाक्रमको माथिल्लो पदमा निर्वाचित हुने साम्पाङ

– बाँकी पृष्ठ २ मा

कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

Public Relation Officer (PRO) - (Male/Female) 3 Nos

- कम्तीमा मेनपावर फिल्डमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
- सम्बन्धित काममा दक्ष र अंग्रेजी राम्रो हुनुपर्नेछ ।

तलब आपसी सम्झदारीमा

SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567
Mobile:9801320043/9851166641.
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com

UAE को बहुराष्ट्रिय कम्पनीमा वैदेशिक रोजगारको अवसर

४५ वर्ष सम्म उमेर भएकाले पनि PROSCAPE LLC कम्पनीमा आवेदन दिन सकिनेछ ।

कम्पनी: PROSCAPE LLC | शहर: Dubai
पूर्व स्वीकृत मिति: २०७९/०२/03 | चलानी नं.: ६०१७९२४० | LT. No.: 263158

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 130 | 0 | स. काममा दक्ष | 800 | २६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मिति २०७९ जेठ १२ गते (26 May 2022) मेनपावर कार्यालय काठमाडौं र २०७९ जेठ १३ गते (27 May 2022) साइबाबा ट्रेनिङ सेन्टर जनकपुरमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068
Sagar Recruitment Pvt. Ltd.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## झुक्याउन...

उम्मेदवार दलहरुले स्थानीय तहमा उठाएको टिप्पणी नेताहरुबाटै भएको थियो' पौडेल थप्छन्, 'यसपटक स्थानीय तहमा उठ्न प्रचलित नेताहरुले नै चाहना राखेको देखियो ।'

तर, एक पटक पालिकाको नेतृत्व गरिसकेकाहरुले दोहोरिन चाहँदा दलहरुले रोक्न नसकेको, चुनावमा बनेको गठबन्धनका कारण दलहरुले काम गरिरहेकाहरुलाई दोहोऱ्याएको र दोहोरिन चाहनेहरुलाई मतदाताले संदेश दिने अवसर प्राप्त गरेको अध्यक्ष पौडेलको बुझाई छ ।

तथ्याङ्कले पनि अध्यक्ष पौडेलले विश्लेषण गरेकै जस्तै देखाउँछ । एउटा उदाहरण हो, गण्डकी प्रदेश । निर्वाचन आयोगका अनुसार गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये ४२ तहमा निवर्तमान जनप्रतिनिधिले दोस्रो कार्यकालका लागि चुनाव लडेका थिए । २० जनाले प्रमुखमा र १९ जना उपप्रमुखमा दोहोऱ्याएर चुनाव लडेका थिए । जसमध्ये २१ जना दोहोरिन खोज्ने जनप्रतिनिधि पराजित भए ।

राजनीतिक विश्लेषक एवं राजनीतिशास्त्रका प्राध्यापक कृष्ण खनाल मतदाताको नयाँपनको रुचिलाई दलहरुले उम्मेदवार चयनमा बेवास्ता गर्दा दोहोरिन खोज्ने निवर्तममान जनप्रतिनिधि पराजित हुन पुगेको बताउँछन् ।

'मतदाता जहिले पनि नयाँ खोज्दछन्' खनाल भन्छन् । तथापि, जनताले पुरानै जनप्रतिनिधिलाई विश्वास गर्दैनन् भन्ने विश्वास पनि पुर्णत राख्दैनन् । 'फेरि दोहोरिएर जित्न त जनप्रतिनिधिले जनताको अटुट विश्वास जित्नुपर्छ । नयाँ अर्को उम्मेदवार आउँदा पुरा हुँदैन भन्ने पार्न सक्नुपर्छ' खनाल भन्छन्, 'अन्यथा संसारभरका मतदाता नयाँपान र नयाँ नेतृत्व खोजिरहेका हुन्छन् । जो नेपालमा पनि देखिन्छ ।'

चुनावी परिणामले दोहोरिन खोज्ने जनप्रतिनिधिलाई निकै कम मत दिएर मतदाताले सबक सिकाएको हेर्न अध्यापक खनालको सुझाव छ । खनालले भने जस्तै ०७४ मा राम्रो मतान्तर सहित विजयी भएका नेतृत्वहरु पुनः त्यहि पदमा दोहोरिन खोज्दा धरौटी जफतको अवस्थामा पुगेका उदाहरण पनि छन् ।

मकवानपुरको इन्द्र सरोबर गाउँपालिकाका निवर्तमान अध्यक्ष जीवन लामा, कैलाश गाउँपालिकाका निवर्तमान अध्यक्ष टंक मोक्तानले पुन दोहोरिन चाहे । उत्साहपूर्ण रुपमा उम्मेदवारी दर्ता गरे, चुनाव प्रचार गरे । मतदान गणना सुरु हुनुभन्दा अगाडिसम्म उनीहरु निकै उत्साही देखिन्थे । तर, मतपरिणामले निराश बनाइदिएको छ ।

कैलाश गाउँपालिकाको प्रमुखमा दोहोरिन उम्मेदवार भएका टंक मोक्तानले यो पटक १ सय २० मत मात्र ल्याएपछि उनको धरौटी नै जफत भयो । ०७४ को निर्वाचनमा उनै मोक्तान २ हजार ८०२ ल्याएर विजयी भएका थिए । यसपटक १२० मतमा सिमित भए ।

मकवानपुरकै इन्द्र सरोबर गाउँपालिकाका निवर्तमान गाउँपालिका अध्यक्ष जीवन लामाले ०७४ को निर्वाचनमा लज्जस्पद हार बेहोरे । गत निर्वाचनमा ३ हजार २०४ मत ल्याएर प्रमुखमा विजयी लामाले यसपालि जम्मा ४७९ मत प्राप्त गरे ।

अर्को उदाहरण, ०७४ को चुनावमा अछामको चौरपाटी गाउँपालिकामा हर्कबहादुर साउद प्रतिपर्धी भीमबहादुर साउदलाई १ मतले हराउँदै अध्यक्षमा विजयी भएका थिए । यसपालि उनै हर्कबहादुरलाई भीमबहादुरले हराइदिए । हर्कबहादुर तेस्रो स्थानमा सीमित भए । जनताको मत जित्न सकेको छु छैन ? भन्ने ख्याल नै नगरी अघिल्लो चुनावमा पाएको भोटलाई पार्टीको भोट ठानेर पुनः जित्ने हुंकार राख्नेहरुले यसपटक हार बेहोर्न पुगेको ठान्छन् राजनीतिक विश्लेषक विष्णु दाहाल ।

'स्थानीय तहको चुनाव नजिकको सरकार चुन्ने चुनाव हो । जहाँ दल र बिचार भन्दा माथि व्यक्ति हेरिन्छ । तर, कतिपयले यो बुझेनन्, पहिले पाएको मत पार्टीको ठाने, फेरि भोट बढेको ढोङ पाले । परिणाममा दोहोरिन खोज्दा लज्जाबोध गनुपर्ने अवस्थामा पुगे' दाहालको विश्लेषण छ । स्थानीय सरकार साँचो अर्थमा जनताको नजिकको सरकार हो भन्ने स्थापित हुँदै गएको उनको बुझाई छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनमा आएपछि दोस्रो पटक स्थानीय तहको चुनाव हुँदै गर्दा राजनीतिक वृतमा अनेकन प्रश्न उठे पनि जनताले स्थानीय सरकार दल र बिचार भन्दा माथि रहन्छ भन्ने संदेश दिएको दाहाल बताउँछन् । भन्छन्, 'दोहोरिन खोज्नेहरुलाई जनताले गरेको दण्ड यसैको उदाहरण हो ।'

स्थनीय तहको नेतृत्वमा रहँदा जनताको मन जित्न नसक्नु नै जनप्रतिनिधिका लागि पुनः दोहोरिने चाहनाको बाधक हुन पुगेको दाहाललाई लाग्छ । 'अधिकांश जनप्रतिनिधिले गत निर्वाचनमा जनतासँग गरेका बाचा पूरा गर्न सकेनन् । यसले गर्दा कतिपयको दोहोरिने सपना पुरा हुन सकेन' दाहाल भन्छन्, 'दोहोरिनका लागि भोट माग्न जाँदा जनताले नै के भन्लान ? भन्ने ख्याल नगर्दा लज्जस्पद हार बेर्होन पुगेका हुन् ।'

तर, दोहोरिन चाहने जनप्रतिनिधिहरुका आ-आफ्नै दाबी छ । चुनावका बेला बाध्यता, सीमा र समस्या सुनाउने छुट नपाउको र जनताको गुनासो र असन्तुष्टिमा प्रतिस्पर्धी उम्मेदवारले फाइदा उठाएको कतिपयको तर्क छ । कतिपय जनप्रतिनिधिले पार्टीले टिकट नदिँदा नदिँदै जोखिम मोलेर स्वतन्त्रमा चुनाव लड्दा पनि हार व्यहोरेका उदाहरण पनि छन् ।

०७४ मा माओवादी केन्द्रबाट बागलुङको ताराखोला गाउँपालिका प्रमुखमा निर्वाचित प्रकाश घर्तीमगरले यस पटक टिकट पाएनन् । पार्टीबाट टिकट नपाए पनि पुनः दोहोरिने चाहना भयो । त्यसपछि बागी उम्मेदवारी दिए । तर, जित्न सकेनन् । यासपालि पार्टीका उम्मेदवार धनबहादुर विकले पराजित गरे ।

प्राध्यापक खनाल पहिलो पटक निर्वाचित हुँदा जनतालाई सन्तुष्ट पार्ने गरी काम गर्न नसक्नु हारको प्रमुख कारक भएको बताउँछन् । 'पुनः दोहोरिन चाहनेको हार केलाउन धेरै टाउको दुखाउनु पर्ने छैन् । गरेको बाचा अनुसार काम गर्न सकेनन् जनताले हराइदिए' उनी थप्छन्, 'पुनः दोहोरिन चाहने जनप्रतिनिधिलाई हराइदिएर मतदाताले नयाँ जनप्रतिनिधिलाई दिएको एउटै संदेश हो, फेरि जित्न विश्वास जित्नुस् ।'

## मुख्य...

प्रदेश नं १ बाहेकका अन्य प्रदेशमा नेपाली कांग्रेसका धेरै उम्मेदवार विजयी भएका छन् ।

कांग्रेस अहिलेसम्म ३१५ स्थानीय तहको प्रमुख पदमा विजयी भएको छ । यस्तै एमाले १९५ स्थानीय तहमा विजयी हुँदा नेकपा माओवादी केन्द्र १२० स्थानीय तहको प्रमुखमा विजयी बनेको छ । जसपा २९, एकीकृत समाजवादी १७, लोसपा १४ र स्वतन्त्रसहित अन्य दलले २९ स्थानीय तहको प्रमुखमा जितेका छन् ।

यस्तै, उपप्रमुखमा नेपाली कांग्रेसले २९२ स्थानीय तहमा जित हात पारेको छ । एमालेले २२२, माओवादीले १२६, जसपाले ३०, एकीकृत समाजवादीले २१, लोसपाले १० र स्वतन्त्रलगायत अन्य दलहरुले १८ स्थानीय तहमा उपप्रमुख पदमा विजयी प्राप्त गरेका आयोगले जनाएको छ ।

## पुस्तक..

कम होला,' 'यो महिनाभर छपाइ गरिसकिन्छ ' जनक शिक्षाका सूचना अधिकारी चित्रकुमार आचार्यले जानकारी दिए । उनले डिपोहरू सञ्चालनमा आइसकेका कारण विक्रेताले सोमबारदेखि पुस्तक खरिद गर्न सक्ने दाबी गरेका छन् ।

गत वर्ष कोभिडले पठनपाठन प्रभावित भएपछि शैक्षिकसत्रमा एक महिना थप गरिएको थियो । आचार्यले कागज बेलैमा आपूर्ति नहुँदा र जनशक्ति पनि मतपत्र छपाइमा व्यस्त भएकाले पाठ्यपुस्तक छाप्न ढिलो भएको जनक शिक्षाले जनाएको छ । अझ स्थानीय चुनावका कारण देशभरि नै मतपत्र छाप्नु परेकोले किताब प्रकाशनमा ढिलाई भएको कतिपयको बुझाई छ ।

तर जनक शिक्षाका प्रबन्धक अनिलकुमार झाले मतपत्र छाप्दा पुस्तक छपाइ नरोकिने दाबी गरेका थिए । ५, ६ र ८ कक्षाको पुस्तक आवश्यक संख्यामा छाप्न नसकेको र अन्य कक्षाको पुस्तक पनि पूरा सेट नभएकाले डिपो खोल्न ढिलाइ भएको जनक शिक्षाका एक कर्मचारीले बताएका छन् । तर, जनक शिक्षाले भने कर्मचारीहरु चुनावमा खटिएको हुँदा डिपो खुला गर्न ढिलाई भएको बताउँदै आएको छ ।

वैशाखमा सुरु हुने शैक्षिकसत्र जेठबाट सुरु गर्दा पनि जनक शिक्षाले विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउन नसकेको हो । ' भर्नाकै बेला विद्यार्थीको हातहातै पाठ्यपुस्तक' भन्ने नारा सरकारल लगाएपनि समयमा पाठ्यपुस्तक नपुग्दा विद्यार्थीहरु थप अलमलमा परेका हुन् । यस विषयमा सरकारले समयमै ध्यान नदिने हो भने शैक्षिक सत्रमा थप ढिलाई हुने निश्चित छ ।

## डलरको ...

रियालको खरिद दर ३३ रुपैंयाँ छ भने बिक्री दर ३३ रुपैयाँ १६ पैसा छ ।

यसैगरी यूएई दिरामको खरिद दर ३३ रुपैयाँ ७० पैसा तथा बिक्री दर ३३ रुपैयाँ ८६ पैसा तोकिएको छ । मलेसियन रिंगेटको सटही दर भने तुलनात्मकरूपमा घटेको छ । शुक्रबार एक मलेसियन रिंगेटको खरिद दर २८ रुपैयाँ ८५ पैसा र बिक्री दर २९ रुपैयाँ रहेकोमा आइतबार खरिद दर २८ रुपैयाँ २० पैसा र बिक्री दर २८ रूपैयाँ ३४ पैसा कायम गरिएको छ ।

आइतबार कुवेती दिनारको खरिद दर ४ सय ४ रूपैयाँ १७ पैसा र बिक्री दर ४ सय ६ रूपैयाँ १३ पैसा कायम भएको छ । शुक्रबार कुवेती दिनारको खरिद दर ३ सय ९८ रुपैयाँ १६ पैसा तथा बिक्री दर ४ सय रुपैयाँ १३ पैसा थियो । त्यस्तै आइतबार बहराइन दिनारको खरिद दर ३ सय २८ रूपैयाँ ३२ पैसा र बिक्री दर ३ सय २९ रूपैयाँ ९२ पैसा भने गत शुक्रबार उक्त मुद्राको खरिद दर ३ सय २० रुपैयाँ ९० पैसा र बिक्री दर ३ सय २२ रुपैयाँ ४९ पैसा थियो ।

## इराक...

पहिलो व्यक्ति हुन् ।खोटाङको खार्तम्छामा २०३९ सालमा जन्मिएका साम्पाङ महेन्द्र बहुमुखी क्याम्पस धरानबाट राजनीति र समाजशास्त्रमा स्नातकसम्म अध्ययन गरेपछि केही समय धरानमा अंग्रेजी र कम्प्युटर विषयको ट्युसन पढाउँदा जिविका नचलेपछि वैदेशिक रोजगारीको लागि ६ वर्षसम्म इराक र अफगानिस्तानमा पुगेको बताइएको छ ।

उपमहानगरपालिका प्रमुख निर्वाचित भएपछि उनले भनेका छन्, 'राजनीतिक दलका नेताहरु राम्रो नभएर मात्र हामी आउनु परेको हो । गरिब दुःखीहरुकै हितमा काम गर्छु । सुधार भयो भने म राजनीतिमा रहँदिनँ ।'


### प्रदेश सरकार
### लुम्बिनी प्रदेश
### भौतिक पुर्वाधार विकास मन्त्रालय
### सडक पूर्वाधार निर्देशनालय
## सडक पूर्वाधार विकास कार्यालय
बाँके, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०२/०९)

यस कार्यालयको मिति २०७८/१२/२२ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार देहाय कार्यका लागी निर्धारित मिति भित्र दर्ता भएका शिलबन्दि दरभाउपत्रहरु र बोलपत्र मध्ये तपशिल बमोजिम शिलबन्दि दरभाउपत्रहरु र बोलपत्र न्युनतम सारभुत रुपमा प्रभावग्राही देखिएकोमा स्वीकृतको लागी सार्वजनिक खरिद ऐन २०६३, दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ७४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

| S. N. | Description of Work | Contract ID | Name & Adress of Bidder | Bid Price (With VAT & PS) |
|---|---|---|---|---|
| 1 | Blacktop work at Udharapur Ga.Bi. sa.simalghari-Naya Gijara hudai Sitapur 5 Yogini Mabi- Paraspur Gaughat- Road | RIDO/BANKE/ ROAD/W/NCB/36/ 078-79 (Re Tender) | Subh Shanti Nirman Sewa Nepalgunj-8, Banke | 21,23,585.88 |
| 2 | Earth Filling & Gravelling work at Nepalgunj 6 Main Road-Dhirendra Chaudhari ko Ghar- Ram Nagar Jane Road | RIDO/BANKE/ ROAD/W/SQ/53/ 078-79 (Re Tender) | Saila & Maila Construction Jajarkot | 9,34,328.87 |
| 3 | Gravelling work at Man Bdr Karki ko ghar-Khatik ko ghar samma khajura 7 Tallo Lumri Banke | RIDO/BANKE/ ROAD/W/SQ/54/ 078-79 (Re Tender) | S.K.Construction Janaki 4 Banke | 11,75,600.00 |
| 4 | Side drain, Embankment, Gavelling work at Shantinagar tol Paschim Guruprasad misra to Netra Bahadur Dasodi ko Ghar samma road upgrading | RIDO/BANKE/ ROAD/W/SQ/63/ 078-79 (Re Tender) | Saila & Maila Construction Jajarkot | 9,35,876.40 |
| 5 | Gravelling work at Janakalyan aa.bi.- Janatanagar-Gijara Road Khajura 6 Banke | RIDO/BANKE/ ROAD/W/ SQ/64/078-79 | Bishwakarma Nirman Sewa Khajura 2 Banke | 9,87,232.08 |

**Act.Office chief**



## श्री विद्याधिश्वरी माध्यमिक विद्यालय
### Shree Bidhyadhishwari Secondary School
बागमती गाउँपालिका-६, आश्राङ, ललितपुर, बागमती प्रदेश, नेपाल

### सूचना प्रविधि प्रयोगशाला स्थापना सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रकाशित मिति : २०७९/२/९)

शिक्षा विकास निर्देशनालय, बागमति प्रदेशको अनुदान सहयोगमा यस विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने कार्य सिलबन्दी दरभाउपत्रका माध्यमबाट गर्नु पर्ने भएकोले योग्य तथा इच्छुक संस्था/कम्पनीहरुबाट रितपूर्वकका सिलबन्दी दरभाउ पेश गर्न आह्वना गरिएको छ ।

| क.सं | सूचना नं. | विषय | किसिम | धरौटी रकम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | सूचना प्रविधि सम्वन्धित सामाग्रीहरु | वस्तु खरीद | कबोल रकमको २.५% | रु.१,०००/- |
| २ | २/२०७८/०७९ | फर्निचर (टेवल, कुर्सी) | वस्तु खरीद | कबोल रकमको २.५ % | रु.१,०००/- |
| ३ | ३/२०७८/०७९ | Website and E-Library Portal निर्माण | सेवा खरीद | | |

१. सूचना नं १ को लागि सिलबन्दी दरभाउपत्रमा सामाग्रीको Catalogue अनिवार्य हुनु पर्नेछ ।
२. सूचना नं २ को हकमा फर्निचर सम्वन्धी इजाजत प्राप्त कम्पनी वा संस्था हुनु पर्नेछ ।
३. सूचना नं ३ को हकमा सफ्टवेयर/वेभसाइट विकास गर्ने इजाजत प्राप्त कम्पनी वा संस्थाको Biodata अनिवार्य हुनु पर्नेछ ।
४.थप जानकारीका लागि श्री विद्याधिश्वरी मा.वि.मा सम्पर्क राख्न सक्नु हुनेछ ।
फोन नं: ९८५१२२४८०१, E-mail: thalprasad100000@gmail.com

**प्रधानाध्यापक**



## नारायण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

### व्याकहो लोडर खरीद गर्ने सम्वन्धी सूचना

सूचना नं. ११/२०७८/२०७९
(प्रथम पटक प्रकाशित मिति २०७९/०२/०९)

यस न.पा.को ल्याण्डफिल्ड साईटको फोहोर व्ययस्थापन कार्यको लागि व्याकहो लोडर (क्याटलक सपिङ ) बिधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार देहाय बमोजिमको backhoe loder बिक्री गर्न चाहने उत्पादक (Manufacturer) तथा आधिकारिक बिक्रेता (Importer) हरुले तपसिलमा उल्लेखित कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक (Manufacturer) वा आधिकारिक बिक्रेता (Importer) को जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । विस्तृत स्पेशिफिकेसनको लागि यस कार्यालयको Website: www.narayanmun.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

**आवश्यक Backhoe Loder को विवरण**

| S.N. | Contract no. | Description of work | Type of Vehicle | Requirement (General Specification ) | Required Quantity |
|---|---|---|---|---|---|
| 1 | 11/078/079 | Procurement of backhoe loder | All wheel drive rigdge frame backhoe loder | All wheel drive rigdge frame backhoe loder Vehicle, Engine Max. Power output Not Less than 1cum BHP & Maximum Torque not Less than 4700mm rated RPM., Equipped with all necessary accessories, Minimum 1 year's warranty after acceptance & Others are as per approved Technical Specifications. **Delivery Place:** Narayan Municipality, Dailekh. | 1 (One) |

**भक्त वहादुर मल्ल**



## Invitation of Electronic Bids
# Urlabari Municipality
## Office of Municipal Executive
Urlabari, Morang
Province no. 1, Nepal

**Second Date of Publication: 2079/02/09 (23th of May 2022)**

1. The Urlabari Municipality office, invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under sealed quotations procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Bldng-Truss -W-SQ-12-078/79 | Construction of Truss Structure At Udhyog Banijya Sangh Urlabari, Urlabari-5 | 14,89,989.57/- | 37,500/- | 1000.00 |
| 2 | URL-Bldng-Canteen-W-SQ-13-078/79 | Construction of Canteen of paropkar sewa Griha , Urlabari-7 | 9,78,194.13/- | 25,000/- | 1000.00 |
| 3 | URL-Bldng-Tahra -W-SQ-14-078/79 | Construction of Tahra of Rajghat Health post , Urlabari-8 | 15,77,790.54 | 40,000/- | 1000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# बलात्कार घटनामा हदम्याद बढाउन सरकारलाई चौतर्फी दबाब



**काठमाडौं/मस–** पछिल्लो समय बलात्कार लगायतका घटनामा हदम्याद हटाउनुपर्ने आवाजहरु उठ्न थालेको छ । आइतबार मात्रै महिला सांसदहरुले नाबालिकाहरुमाथि हुने बलात्कारलगायतका जघन्य अपराधका घटनामा हदम्याद लगाउने कानूनी व्यवस्था तत्काल हटाउनुपर्ने माग राखेका छन् ।

सौन्दर्य प्रतियोगिताका आयोजकले आठ वर्ष अघि बलात्कार गरेको घटना सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरेकी एक युवतीको विषयलाई लिएर प्रतिनिधिसभा अन्तरगतको महिला तथा सामाजिक समितिले आइतबार सिंहदरबारमा आयोजना गरेको अनौपचारिक छलफलमा बोल्दै उनीहरुले हदम्याद घटाउन माग गरे । सांसदहरुले नावालिकाहरुमाथि हुने बलात्कारलगायतका जघन्य अपराधका घटनाको अनुसन्धानमा समेत हदम्याद लगाउने व्यवस्था राखिएको उल्लेख गर्दै त्यस्तो कानुनी व्यवस्था तत्काल हटाउन सरकारसँग माग गरे ।

छलफलमा एमालेकी सांसद विन्दा पाण्डेले सरकारले उक्त घटनाको अनुसन्धानका लागि सरकारले हदम्याद हटाउनेगरी तत्काल कानुन संशोधन नगरे आफूहरुले संसदमा संकल्प प्रस्ताव ल्याउने चेतावनी समेत दिइन् । हदम्याद लगाउने हो भने पनि पीडितले मुख खोलेको वा घटना सार्वजनिक भएको दिनबाट मात्रै हदम्याद लगाउन उपयुक्त हुने उनको भनाइ छ । सांसद पाण्डेले महिलामाथि हुने यौनजन्य हिंसाका घटना बढ्दै गएपनि त्यसलाई नियन्त्रण गर्न सरकारले नसकेको भन्दै आक्रोश व्यक्त गरिन् ।

छलफलमा नेपाली कांग्रेसकी सांसद पुष्पा भुसालले सौन्दर्य प्रतियोगिताका आयोजकले अपराध गरेको भन्ने कुरा स्वतः सिद्ध भएकाले घटनाका पीडित ती युवतीलाई तत्काल न्याय दिन सरकारसँग माग गरिन् । अपराधिलाई अनुसन्धान गरी तत्काल कारबाही गर्न पनि ढिलाई नगर्न पनि उनले सरकारलाई सचेत गराइन् । भुसालले अपराध कर्ममा लागेकाहरुलाई सरकारले कुनै पनि बहानामा अनुसन्धानको दायरामा ल्याउन आलटाल गर्न नहुने उनको भनाइ छ । नाबालिकाहरुको हकमा अनुसन्धानका लागि हदम्याद हटाउन पनि सरकार तयार हुनुपर्ने उनको भनाइ छ ।

नेकपा (माओवादी केन्द्र)की सांसद अमृता थापामगरले यौन हिंसामा परेकाहरुलाई तत्काल राहत दिने व्यवस्था पनि कानुनमै उल्लेख गर्नुपर्ने सरकारसँग माग गरिन् । उनले मनोरञ्जन र अनौपचारिक क्षेत्रका महिलाहरु यौन हिंसाका कारण प्रताडित हुनु परेको उल्लेख गर्दै त्यसको अन्त्यका लागि राजनीतिक पार्टी र त्यसका भातृ संगठनहरुले पनि पहल गर्नुपर्ने आवश्यकता रहेको बताइन् ।

यसैबीच नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघले बलात्कार घटनामा हदम्याद बढाउन माग गरेको छ । नेविसंघले आइतबार कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा 'बन्दी'लाई भेटेर बलात्कार घटनामा हदम्यादको व्यवस्था संशोधन गर्न माग गरेको हो ।

नेविसंघका केन्द्रीय अध्यक्ष दुजाङ शेर्पाले एक वर्षे हदम्यादका कारण बलात्कारबाट पीडित महिलाले न्याय पाउने अवस्थाबाट बञ्चित हुन परेको भन्दै अहिलेको व्यवस्था न्यायपूर्ण नभएकाले संशोधन गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको जानकारी दिए ।

उनले भने, 'बलात्कार जस्ता जघन्य अपराधका घटनामा दोषीले कुनै पनि हालतमा उन्मुक्ति पाउन हुँदैन, दोषीमाथि कडा कारवाही र विभेदकारी कानुनी व्यवस्था संशोधन गर्नुपर्छ ।' नेविसंघले हिंसा र जघज्य अपराधका मुद्दामा अदालतमा पनि चाँडो मुद्दा फैसला हुने व्यवस्था मिलाउनसमेत माग गरेको छ ।

भेटमा मन्त्री शर्माले कुनै पनि घटनाको अनुसन्धान गरेर दोषीलाई कारबाही गर्ने दायित्व राज्यको भएकाले राज्य यस्ता विषयमा संवेदनशील रहेको बताए । यस्ता घटनाबारे आवश्यक कानून संशोधन प्रक्रिया अगाडि बढाउन सरकार सकारात्मक रहेको उनको भनाइ थियो ।

**पीडितलाई न्याय र दोषीलाई कारवाही गर्न आग्रह**

राष्ट्रिय महिला आयोगले आठ वर्षअघि भएको बलात्कारको घटनाका पीडितलाई न्याय र दोषीलाई कारवाही गर्न आग्रह गरेको छ । आयोगले आइतबार प्रेस विज्ञप्ति जारी गरी एउटा सुन्दरी प्रतियोगिताकी एक प्रतिस्पर्धीले आफूमाथि आयोजकले बलात्कार र यौन शोषण गरेको भनी सार्वजनिक गरेको घटनालाई लिएर आयोगले उक्त आग्रह गरेको हो ।

विज्ञप्तिमा भनिएको छ,'सुरक्षा निकायले दोषीलाई कारवाहीको दायरामा समेत ल्याइसकेको छ, घटनाको अनुसन्धान तथा निष्पक्ष छानविन गरी पीडितलाई न्याय प्रदान गर्न तथा पीडकलाई कानूनबमोजिमको कारवाहीका लागि आयोग ध्यानाकर्षण गर्दछ ।' आयोगले पीडित किशोरीको स्वास्थ्य र सुरक्षाको उचित प्रबन्धका लागिसमेत सरकार र सुरक्षा निकायको ध्यानाकर्षण गराएको छ ।

# तोकिएको भन्दा कम गतिमा गाडी चलाए पाँच सय रियाल जरिवाना



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ८ जेठ

कतारमा तपाईले साना सवारी चलाउनु हुन्छ भने अब थप सचेत बन्नुपर्ने भएको छ । ट्राफिक महानिर्देशनालयका अनुसार ठुला राजमार्गका देब्रे लेन अर्थात् द्रुत लेनमा ढिलो सवारी चलाउँदा ट्राफिकमा समस्या उत्पन्न हुने भए पछि ट्राफिक नियममा केही परिवर्तन गरेको जनाएको छ ।

विभागका सहायक निर्देशक कर्नल जाबेर मोहम्मद रसिद ओडाइबाले बायाँको लेन निश्चित गतिका लागि तोकिएको हुँदा यसलाई प्रयोग गर्ने चालकहरूले तोकिएको गतिभन्दा कम गतिमा सवारी चलाउन नहुने बताए । उनले कम गतिमा सवारी साधन चलाउने चालकले अन्य लेनको प्रयोग गर्न आग्रह गर्दै देब्रे लेनमा तोकिएको गति भन्दा कम गतिमा गाडी चलाए ५०० कतारी रियाल जरिवाना लाग्ने बताए ।

ठुला राजमार्गमा यस्तो समस्याका बारेमा धेरै गुनासो बढेको र सबै जना यसबाट प्रभावित भएको हुँदा नयाँ ट्राफिक नियम ल्याइएको हो । उक्त लेन विशेष गरी एम्बुलेन्स, पुलिस र अन्यद्वारा प्रयोग गरिने भएको हुँदा सडकको बायाँ लेनमा जाम नबनाउन र सवारी आवागमनमा अवरोध नगर्न चालकहरूलाई ओडाइबाले आग्रह गरेका छन् । उनले यस्ता गतिविधिले ट्राफिक नियम उल्लङ्घन हुनुका साथै ढिलो सवारी चलाउँदा कहिलेकाही चालकहरूबीच झगडासमेत हुने गरेको बताए ।

# कोहलपुर मेयरमा नेपाली कांग्रेसका आचार्य



**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ८ जेठ

बाँकेको कोहलपुर नगरपालिकाको मेयरमा नेपाली कांग्रेसका पुर्ण प्रसाद आचार्य र उपमेयरमा नेपाली कांग्रेसकै संगिता सुवेदी विजयी भएका छन् । मेयरमा निर्वाचित आचार्यले १४ हजार १३४ मत प्राप्त गरेका थिए । उनका निकटतम प्रतिस्पर्धी नेकपा एमालेका खील प्रसाद भुसालले १२ हजार २०५ मत प्राप्त गरेका थिए ।

त्यस्तै उपमेयरमा विजयी बनेकी सुवेदीले १४ हजार ७३ मत प्राप्त गरेकी थिइन् । उनकी निकटतम प्रतिस्पर्धी नेकपा एमालेकी अस्मिता कुमारी थारुले १३ हजार ५१७ मत प्राप्त गरेकी थिइन् । १५ वटा वडा रहेको नगरपालिकामा ९ वडामा कांग्रेस, ४ वडामा एमाले र २ वडामा नेकपा माओवादी केन्द्र विजयी बनेका छन् ।

वडा नम्बर १ देखि १५ वडाको अध्यक्षमा क्रमशः माओवादीका बद्री प्रसाद जैसी, कांग्रेसका हरि कठायत, एमालेका माधव रिजाल, कांग्रेसका मुबारक अलि गुजर, एमालेका दिपेन्द्र श्रेष्ठ, कांग्रेसका श्रीकृष्ण थारु, एमालेका ठग्गा थारु, कांग्रेसका लाल बहादुर राना, माओवादीका ओपेन्द्र नाथ योगी, कांग्रेसका गोरा कुमारी अधिकारी, एमालेकी कल्पना शर्मा, कांग्रेसका विरेन्द्र कुमार शाह, कांग्रेसका डम्बर बहादुर खड्का, कांग्रेसका नम बहादुर आले मगर र कांग्रेसकै दिपेन्द्र कुमार चौधरी निर्वाचित बनेका छन् ।


## श्री नारायणी माध्यमिक विद्यालय
**Shree Narayani Secondary School**
बागमती गाउँपालिका-७, गिम्दी, ललितपुर, बागमती प्रदेश, नेपाल

**सूचना प्रविधि प्रयोगशाला स्थापना सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रकाशित मिति : २०७९/२/९)

शिक्षा विकास निर्देशनालय, बागमति प्रदेशको अनुदान सहयोगमा यस विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गर्ने कार्य सिलबन्दी दरभाउपत्रका माध्यमबाट गर्नु पर्ने भएकोले योग्य तथा इच्छुक संस्था/कम्पनीहरुबाट रितपूर्वकका सिलबन्दी दरभाउ पेश गर्न आह्वना गरिएको छ ।

| क.सं | सूचना नं. | विषय | किसिम | धरौटी रकम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/२०७८/०७९ | सूचना प्रविधि सम्वन्धित सामाग्रीहरु | वस्तु खरीद | कबोल रकमको २.५% | रु.१,०००/- |
| २ | २/२०७८/०७९ | फर्निचर (टेवल, कुर्सी) | वस्तु खरीद | कबोल रकमको २.५ % | रु.१,०००/- |
| ३ | ३/२०७८/०७९ | Website and E-Library Portal निर्माण | सेवा खरीद | | |

१. सूचना नं १ को लागि सिलबन्दी दरभाउपत्रमा सामाग्रीको Catalogue अनिवार्य हुनु पर्नेछ ।
२. सूचना नं २ को हकमा फर्निचर सम्बन्धी इजाजत प्राप्त कम्पनी वा संस्था हुनु पर्नेछ ।
३. सूचना नं ३ को हकमा सफ्टवेयर/वेभसाइट विकास गर्ने इजाजत प्राप्त कम्पनी वा संस्थाको Biodata अनिवार्य हुनु पर्नेछ ।
४. थप जानकारीका लागि श्री नारायणी मा.वि.मा सम्पर्क राख्न सक्नु हुनेछ ।
फोन नं: ९८४३२६६१६८, E-mail: ishwarsanjel@gmail.com

प्रधानाध्यापक



## UAE मा रोजगारको अवसर | कम्पनी : AL QANAS SECURITY SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/०७ चलानी नं.: ६०१७९४९५ LT. No.: 262754

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | 80,880 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Data Entry Clerk | 2 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 3. | Follow Up Clerk | 1 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 4. | Information Clerk | 2 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 5. | Marketing Specialist | 1 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 6. | Public Relation Clerks | 1 | 1 | | 1200 | 80,880 | | | | | | | |
| 7. | Receptionist | 2 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 8. | Secretary | 1 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 9. | Security Guards | 7 | 5 | | 1200 | 80,880 | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

TOPJOBS
श्रम इजाजत नं. १२५६/०७४/०७५
**Top Jobs Int'l Employment Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel.: 014375824, 9847754585, 9801100249, 9808818854,



## Baharain मा रोजगार | कम्पनी: BANOONH NAIL SALON
शहर: Manama

पूर्व स्वीकृत मिति: २०७९/०२/०६ चलानी नं.: ६०१७९५०० LT. No.: 263318

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | स. काममा दक्ष | 150 | ४९,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**टाईगर ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.**
धुम्बाराही-४, प्रकाश मार्ग, काठमाडौं, फोन: ४५१८९९७ । फ्याक्स: ४५४३१४४ ।
Govt. Lic. No. 335/059/060
Email: info@tigeroverse.com.np | Web: www.tigeroverse.com.np



## साउदीमा रोजगार | कम्पनी: MADAEN STAR GROUP COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१२/२९ चलानी नं.: ६०१७७८२५ LT. No.: 260820 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Building Cleaning Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ जेठ १५ गते (29 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Synnet International Pvt.ltd.**
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058



## UAE मा रोजगारको अवसर | १. कम्पनी: BARARI NATURAL RESOURCE LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/०२ चलानी नं.: ६०१६५५४९ L.T. No.:248886 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 8 | 0 | स. काममा दक्ष | 800 | २६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: WESTERN BAINOONA GROUP FOR GENERAL CONTRACTING शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०७८/०६/३१ चलानी नं.: ६०१६५५३८२ L.T. No.:248709 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Workers | 332 | 0 | स. काममा दक्ष | 800 | २६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: BARARI NATURAL RECOURCES LLC शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०७६/१०/२९ चलानी नं.: ६०१५१६३२ L.T. No.:233104 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Mechanic | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४३,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Brick Mason | 3 | 0 | | 1100 | ३७,०७० | | | | | | | |
| 3. | Building Labourer | 0 | 0 | | 800 | २६,९६० | | | | | | | |
| 4. | Carpenter | 14 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 5. | Electrician | 12 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 6. | Painter | 2 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 7. | Plumber | 13 | 0 | | 1200 | 80,880 | | | | | | | |
| 8. | Steel Fixer | 6 | 0 | | 1100 | ३७,०७० | | | | | | | |
| 9. | Welder | 1 | 0 | | 1100 | ३७,०७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700 | Email: documentation@smrnepal.com | Website: smrnepal.com



## INTERSCAFF SAFETY
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services



NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



सम्पादकीय

## बदलिएका मतदाता

स्थानीय तहको चुनावले थुप्रै सन्देश दिएको छ । अन्तिम नतिजा आउन बाँकी नै भएपनि राजनीतिक सन्देशको संकेत भने प्रष्ट भइसकेको छ । पहिलो दल नेकपा एमालेले ठूलो धक्का बेहोर्दै तेस्रो शक्ति बनेको छ । एमालेले पाँच वर्षभित्रै सय सिट हाराहारी गुमाएको छ । ०७४ को चुनावमा २९४ सिट जितेको एमाले पहिलो दल थियो । दोस्रोमा रहेको नेपाली कांग्रेसले २६६ सिट मात्रै जितेको थियो । तर यसपटक कांग्रेस ठूलो शक्ति बनेको छ । कांग्रेसले आइतवार साँझसम्म १२ स्थानीय तहमा अग्रता र ३१३ स्थानमा जितेको छ । कांग्रेसको यो जित ३० वर्षपछि फर्किएको हो । नेकपा माओवादी केन्द्रले भने आफ्नो हैसियत स्थीर राखेको छ । १०६ स्थानीय तहबाट माओवादी केन्द्रले यसपटक १२० स्थान जितिसकेको छ भने २ स्थानमा अग्रता छ ।

एमालेबाट विभाजित भएर बनेको नेकपा एकीकृत समाजवादीले १७ स्थानीय तह जितेको छ भने २ स्थानमा अग्रता छ । यसलाई एकीकृत समाजवादीले अपेक्षाकृत भनेको छैन । एमालेकै संस्थापक माधवकुमार नेपाल र झलनाथ खनाल सहित ठूलो संख्याका नेताहरूले सामेल भएको एकीकृत समाजवादीले एमालेले पाएको जितलाई पनि स्वभाविक मानेको छैन । एमाले अझ सानो भएको देख्ने उसको चाहना थियो । तर विभाजित हुने कम्युनिष्टहरूलाई मतदाताले नरूचाएर कांग्रेसलाई मत दिएको छ । त्यो भन्दा पनि ठूलो सन्देश भनेको यसपटक गैरदलीय उम्मेद्वारले प्रमुख शहरहरू जितेका छन् । राजधानी काठमाडौं, धरान उपमहानगर र धनगढी उपमहानगरमा गैरदलीय उम्मेद्वार विजयी भए ।

यसले चुनाव जित्न ठूलै दलको साहरा लिनुपर्छ भन्ने पुरानो मानसिकता बदलिएको छ । अब चुनाव जित्नलाई जनताको मन छुने एजेण्डा पुग्ने सन्देश यसपटक मतदाताले दिएका छन् । राष्ट्रिय राजनीतिमा दलहरूले खेलेको भूमिकाको राम्रो मूल्यांकन हुन्छ भन्ने प्रष्ट सन्देश हो, यो चुनावको । त्यस बाहेक जनप्रतिनिधिहरूकै निम्ति पनि ठूलो सन्देश मतदाताले दिएका छन् । अघिल्लो पटक चुनाव जितेका ठूला शहरकै प्रतिनिधि यसपटक पराजित भए । वीरगञ्ज महानगरमा अघिल्लो पटक चुनाव जितेका विजय सरावगी यसपटक अझ ठूलो दल एमालेको उम्मेद्वार बनेर पनि जित्न सकेनन् । उनी जस्ता कयौं जनप्रतिनिधिको दोहोरिने चाहना पूरा भएन । यसले मतदाताको मन जित्न नसके चुनाव जित्न कठिन पर्ने पनि यो चुनावले सन्देश दिएको छ ।

# स्थानीय चुनाव र परिवर्तनको आशा

*चुनाव जित्नका लागि जस्तोसुकै अपवित्र र अवसरवादी गठबन्धन, तालमेल या सहकार्य गर्न तयार हुने ध्याउन्नमा मूलधारका सबै संसदवादी दलहरू लागेको देखियो । मूल्य, मान्यता, सिद्धान्त, आदर्श, चरित्र, चिन्तन आदि कुरा केवल सुनाउने किताबी कुरा बनेको देखिन्छ ।*


अग्रलेख



● लोकनारायण सुबेदी

देशमा स्थानीय चुनावको ठूलो चहलपहल चलिरहेको छ । अर्को शब्दमा भन्दा देशमा 'चुनावी मेला' चलिरहेको छ । तर, स्थानीय जल्दाबल्दा समस्या र विकास निर्माणका व्यवधान तथा तिनको उपयुक्त समाधानमा केन्द्रित भएर जनतामा थप उत्साह र उर्जा जगाउनु पर्ने यो स्थानीय निकायको चुनाव अपवादलाई छोडेर सर्वत्र भोजभतेर, पैसा वितरण, लोभ लालच, धाकधम्कीको पहिलेदेखि नै चल्दै आएको चालु एउटा खेल र त्यस्तै मेला जस्तै बनेको देखियो । यी सबै गतिबिधिका साथ २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय चुनावको नतिजा यति बेला धमाधम सार्वजनिक भइरहेको छ ।

हार/जीतको होहल्ला र त्यसको लेखाजोखा अहिले चलिरहेको छ । यसरी पैसाको ठूलो चलखेल नै महत्वपूर्ण र निर्णायक कारक बने बनाइएकोले गर्दा यो सर्वसाधारण जनसमुदाय चुनावमा निरीह भोटर बन्ने बाहेक निर्वाचित हुने या चुनिने स्थिति र हैसियतमा रहेन । त्यसैले यो चुनाव जनताले जनताका लागि जनप्रतिनिधि छान्ने प्रजातन्त्रको पुरानो परिभाषाको दायराभन्दा फरक परिधिमा पुग्यो र पुरानो प्रजातन्त्रको परिभाषा बद्लिएर यो चुनाव जनताद्वारा पैसावालका लागि पैसावालको चुनावमा परिणत भएको देखियो । यसरी प्रत्यक्ष परोक्ष रुपमा यस चुनावले पूर्ववत चलेको भ्रष्टाचारलाई अझ बढावा दिने परिवेश निर्माण गर्न सहायक भयो भनेमा कुनै फरक नपर्ने देखियो । यसको थप परिणति आगमी दिनमा अझ बढी देखिँदै जाने र जनतामाथिको बोझ बढ्दै जाने विगतका अनुभवले पनि प्रष्ट पारेकै छ ।



चुनाव आफैमा एउटा राजनीतिक गतिबिधि पनि हो नै । यसकारण चुनावलाई पनि देश कसरी हाँकिदै छ र यसलाई कतातिर लगिदैछ भन्ने कुराबाट अलग राखेर हेर्न हुँदैन भन्ने कुरा कदापि बिर्सन मिल्दैन । यद्यपि यो स्थानीय चुनाव कुनै राष्ट्रिय नीति निर्माण गर्ने, राष्ट्रिय महत्वका योजना परियोजनाका बारेमा चर्चा परिचर्चा हुने चुनाव भने अवश्य होइन । तर, समग्र स्थानीय निकायहरुको हकअधिकार, विकास निर्माणका कुराहरुको समुच्चय नै राष्ट्रिय मामिलाहरु हुन पुग्दछन् र हुनु पर्दछ । तिनमा जनताको चासो, चिन्ता र परिचर्चालाई शून्य हुन्छ भन्ने कुरा मान्य हुन सक्दैन । किनकि जनतालाई सार्वभौम र सर्वोपरी मानिसकेपछि उनीहरुलाई सीमित दायरामा राष्ट्रिय राजनीतिबाट अलग्गै राखेर सोच्न र निष्कर्ष निकाल्न पनि कदापि मिल्दैन । त्यसो गरिएमा जनतालाई हेर्ने र व्यवहार गर्ने पुरानै ठालु प्रवृत्ति मात्र ठहरिन पुग्दछ ।

चुनाव चुनावका लागि हो त्यो अरु कुरासँग जोडिएको हुँदैन भन्ने कुरा लोकतान्त्रिक मूल्यमान्यता विपरीत कुरा हो । चुनावका बेला जनताका सरोकारका हरेक कुरा आउँदछन् र आउनु पर्दछ । यद्यपि तिनको छिनोफानो गर्ने तह स्थानीय, प्रादेशिक या राष्ट्रिय कुन तह हो त्यो भने फरक पर्न सक्छ । यसरी देशका स्थानीय मुद्दा हुन् या राष्ट्रिय या अन्तर्राष्ट्रिय मुद्दा हुन् ती सबै आमजनतासँग प्रत्यक्ष परोक्ष सम्बन्धित हुन्छन् र तिनका बारेमा जनताको चासो र सरोकार हुन्छ र हुनपर्दछ । त्यसो नहुनु वास्तवमा जनतालाई राजनीतिबाट बिमुख राख्ने कुरा हुन्छ । यसले राजनीति जनताको चासो र चिन्ताको विषय होइन, केही ठालु, चालु र टाठाबाठाको सरोकारको विषय मात्र हो भन्ने गलत पुरानो मान्यतालाई स्थापित गर्दछ र चल्दै आएको शोषण र उत्पीडनको गलत परम्परालाई यथास्थितिमा या नयाँ कलेबरमा कायम राख्दछ ।

त्यसैले यस परिप्रेक्षमा जनताका बीचमा राजनीतिकदलहरु, समूहहरु या व्यक्ति विशेष पनि जाँदा या गएको बेला राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वका देखि लिएर स्थानीय समस्याका कुराहरु उठ्नु उठाउनु अस्वाभाविक हुँदैन । प्रष्ट छ, जनता र राष्ट्रका सामु उपस्थित गम्भीरतम समस्याबाट बिमुख रहेर कुनै राजनीति या भनौ अर्थ-राजनीति चल्दैन र चलाइनु पनि हुँदैन । बरु ती समस्याका बारेमा जनतालाई सुसूचित गर्नु र उनीहरुलाई जागरुप बनाउनु तथा सही जानकारी दिनु र तिनको निराकरणका उपायहरु बारे बताउनु राजनीति दल, समूह या व्यक्तिहरुको ठूलो कर्तव्य हुन्छ र हो । लोकतान्त्रिक मूल्य मान्यताका आधारमा चल्ने र यसलाई जीवन्त राख्नुपर्दछ भन्ने कुरा स्वीकार गर्ने राजनीतिक दलहरुका लागि त यो अझ बढी महत्वको नगरी नहुने कुरा नै हो । यसो गर्न सकेमा नै चुनाव चुनावका लागि नभएर समस्या समाधानका लागि हुन्छ र त्यसो भएमा लोकतन्त्रमा जनताले बढी सचेततापूर्वक सक्रियरुपमा राजनीतिक भूमिका निभाउन सक्छन् । अनि गलत दिशातिर जान लागेको राजनीतिलाई सही बाटोमा ल्याउने महत्वपूर्ण माध्यम चुनावलाई बनाउन सक्छन् । तर, के हाम्रो देशमा यस्तो स्थिति सिर्जना भएको छ ? यो आजको गम्भीरतम् यक्ष प्रश्न हो ।

> *पैसाको ठूलो चलखेल नै महत्वपूर्ण र निर्णायक कारक बने बनाइएकोले गर्दा सर्वसाधारण जनसमुदाय चुनावमा निरीह भोटर बन्ने बाहेक निर्वाचित हुने या चुनिने स्थिति र हैसियतमा रहेनन् । त्यसैले यो चुनाव जनताले जनताका लागि जनप्रतिनिधि छान्ने प्रजातन्त्रको पुरानो परिभाषाको दायराभन्दा फरक परिधिमा पुग्यो र पुरानो प्रजातन्त्रको परिभाषा बद्लिएर यो चुनाव जनताद्वारा पैसावालका लागि पैसावालको चुनावमा परिणत भएको देखियो ।*

यस सन्दर्भमा हाम्रो देशका समस्याका बारेमा चर्चा गर्नु उपयुक्त हुन्छ । एकातिर हाम्रो पुरानो परम्परागत प्रतिकृयावादी सत्ता र नेपाली जनताका बीचका समस्या आज पनि ज्यूँका त्यूँ छन् । उपरी ढाँचा (सुपर स्ट्रकचर)मा सामान्य परिवर्तन आए पनि आधार (बेस)मा कुनै परिवर्तन आउन या ल्याउन अहिलेसम्मका आन्दोलन भनौ या संघर्षले सकेका छैनन् । अर्कोतिर बाह्य हस्तक्षेप, दबाव र उत्पीडनका समस्याहरु पनि उकुच पल्टेझै बिगतदेखि नै बिकरालरुपमा खडा छन् र बढ्दै तथा जटील बन्दै गएका छन् । यस्तो अवस्थामा देशमा पुराना भ्रष्टाचारीको ठाउँमा नयाँ भ्रष्टाचारी, पुराना सुदखोरका ठाउँमा नयाँ आधुनिक सुदखोर पुराना कमिशन खोरका ठाउँमा नयाँ चालु कमिशनखोर, पुराना माफियागिरीका ठाउँमा नयाँ माफियागिरी जस्ता कुरा निर्बाध चले चलाइएका छन् । त्यसैले वर्तमान सत्ताको नाम 'सामन्ती दलाल नोकरशाही पूँजीवाद' हुन पुगेको छ ।

वर्तमान नेपालको सत्ताको हालीमुहाली यही सामन्ती दलाल नोकरशाही पूँजीवादी शक्तिको हातमा छ । त्यसैले पञ्चायत गए पनि बहुदल आए पनि र पछिल्लो लोकतन्त्रको स्थितिमा देश पुगे पनि देश र जनताका गम्भीरतम् समस्या समाधान भएका छैनन् । यसै स्थितिमा हुन पनि सक्दैनन् । देशका मजदुर, किसान, राष्ट्रिय पूँजीपति, बर्ग तथा दलित, महिला, यूवा-विद्यार्थी, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख जनसमुदायको सही किसिमले उत्थान र प्रगतिको कुनै जनमुखी र ठोस मार्गचित्र पनि यस्तो शक्तिहाबी रहेको सत्तातन्त्रबाट आउन सक्दैन । बरु परनिर्भरताको पासोमा देश फस्दछ । जुन हामी दिनदिनै देखि भोगी रहेका छौं ।

संसदले एमसीसी जस्तो राष्ट्रघाती, जनघाती र नेपालको परराष्ट्र नीतिमा नै गम्भीर असर पार्ने अस्वीकार्य सम्झौतालाई अनुमोदन गर्नु र त्यसको महिमा मण्डन गराउनुले यो कुरा प्रष्ट देखिएको छ । अनि भारतसँगका सीमा अतिक्रमणका समस्यादेखि लिएर असमान सन्धिहरु, डरलाग्दो व्यापार घाटा र चिन्ताजनक भुक्तान सन्तुलन अनि चरम भारत निर्भरताले उत्पन्न गरेका समस्याहरु पनि अन्तहीनरुपमा अझ जटील भएर गएका छन् । यी माथि उल्लेख गरिएलगायतका गम्भीरतम् समस्याबाट बेखबर जस्तो गरेर गरिएका या हुने चुनाव र त्यसको परिणामले पनि आधारभूतरुपमा केही गर्न सक्दैन र त्यो एउटा खेल तमासमा परिणत हुन्छ भन्ने कुरा अहिलेसम्मको हाम्रो स्थितिले प्रष्ट पार्दछ र पारिरहेको छ । त्यसैले आज हाम्रो मूलधारका भनिएका राजनीतिक दलहरुको चिन्तन, चरित्र हेर्दा अत्यन्तै सन्दिग्ध र घोर अवसरवादी बन्न पुगेको छ ।

अनि चुनाव जित्नका लागि जस्तोसुकै अपवित्र र अवसरवादी गठबन्धन, तालमेल या सहकार्य जे गर्न पनि तयार हुने र कुर्सीलाई नै गन्तव्य बनाउने एक मात्र ध्याउन्नमा मूलधारका सबै संसदवादी दलहरु सत्ताको बशिभूत भएर लागे । मूल्य, मान्यता, सिद्धान्त, आदर्श, चरित्र, चिन्तन आदि कुरा केवल सुनाउने किताबी र बेवारिसे कुरा बनिसकेका छन् । राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, लोकतन्त्र र जनाधिकार तथा जनजीविका खतरामा पर्ने आधारहरु यिनै हुन् । यो स्थितिलाई बदल्ने, राष्ट्रिय स्वाधीनता, जनतान्त्रिक अधिकार तथा नागरिक स्वतन्त्रता तथा जनजीविकालाई सुनिश्चित गराउने राजनीति र चुनावको राष्ट्रिय आवश्यकता छ । यस बाहेकका अरु कुरा जनता र राष्ट्रलाई अल्मल्याउने फजुल तथा भ्रममूर्ण कुरा हुन् भन्ने यथार्थ अहिलेसम्मको स्थितिले छर्लङ्ग पारिसकेको र पारिरहेको छ ।


*(लेखक सुवेदी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष हुन् ।)*

सामाजिक सञ्जाल



**- डम्मर तेम्बे**

अहिले चुनाव जितेकाले काम गरेर देखाउन सके जनताले भोट अवश्य पुन दिन्छन्, काठमाडौं बाहिरका अर्गानिक भोटरले भने सपना बाँडेकै भरमा विश्वास गरेर भोट दिने सम्भावना क्षीण छ । हर्क साम्पाङले जनताका पक्षमा काम गरेर भोटरको मन जितेका हुन् ।



**- गनी अन्सारी**

तपाईं आफैं भन्नुहुन्छ- हरेक बेथिति/अन्यायविरुद्ध बोल्नु कसैको ठेक्का हो र ? फेरि तपाईं आफैं भन्नुहुन्छ- फलानो विषयमा ऊ किन बोलेन ? अरे यार ! ऊ बोलेन भने तपाईं बोल्नूस् न । बोल्दा पनि समस्या, नबोल्दा पनि समस्या ?



**- केदार सुवेदी**

चुनाव जित्न हुलका हुल पार्टीमा मान्छे हुल्न पर्ने रहेनछ, आमसभामा भिड जम्मा गर्न पर्ने पनि रहेनछ, एक अर्कालाई गाली गर्दै भाषण गर्न पर्ने रहेनछ । यसरी एक्लै एक्लै आफ्नो प्रचार आफैं एक्लै गर्दै हिन्नेलाई पनि पत्याउने रैछन !



**- सुजन खनाल**

कम्युनिस्टको गढ तर पछिल्लो पटक कांग्रेसले जितेको धरान उपमहानगरपालिकामा स्वतन्त्र उठेर हर्क साम्पाङ एक्लै प्रचारप्रसारमा हिँडेर, चोक चोकमा आफैं माइकिङ गर्दै, पैसा, नक्कली लालपुर्जा, रक्सी पेट्रोल केहीमा खर्च नगरी ल्याएको मत देख्दा यिनी प्रति उच्च सम्मान जागेर आयो ।




**- पुरुषोत्तम ढुंगेल**

देशमा रोज़गारी नदिएर युवाशक्तिलाई देश र परिवारबाट टाढा ५० डिग्रीको तापमानमा काम गर्न पठाएर पार्टी र नेता चाहीँ मेयर उपमेयर टिकट दिँदा पनि करौडौं चन्दा लिएर दिन्छन् ति टिकट पाउनेहरु करौडौं खर्च गरेर चुनाव जित्छन् र भ्रष्टाचार गरेर खुलेयाम कमाउछन् ।अख्तियारलाई जानकारी छ त ?

# मोदीको नेपाल भ्रमणको औचित्य

विचार



● खिमराज गिरी

भनिन्छ नि, सम्बन्धमा विश्वास र मोबाइलमा नेटवर्क भएन भने जरूर अर्काले गेम खेल्छन् नै । हो, आज नेपालको राजनीतिमा पनि आफ्नै घरभित्र सम्बन्धका अनेक खाडलहरु गहिरिएका छन् जसले गर्दा आफ्नो घर अगाडिको मैदानमा अरूले गेम खेलिरहेका छन् । चुनाव हुन्छ, बिहारी शैलीमा अनेक गुटबन्दी गरेर अनि सत्तामा गइसकेपछि नातागोता, इष्टमित्रको स्वार्थमा रुमलिने काम हुन्छ । महँगीले सीमा नाघ्दासमेत नेताहरु बोल्दैनन्, देशको अर्थतन्त्र टाट पल्टिँदासमेत खास निर्णायक भूमिका चाल्दैनन् । आज निर्यातित वस्तुभन्दा आयातित वस्तु चौगुना बढी छ । रेमिट्यान्स घट्दो, सियोदेखि मियो, सुनदेखि नुनसम्मको परनिर्भरता भएको मुलुकमा छिमेकको रवाफ बढीरहेको छ ।

भारतीय कुट्नीतिज्ञहरुको चलखेलको नतिजा स्वरुप गत जेष्ठ ३ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी लुम्बिनी भ्रमणमा आए । उनले त्यहाँ बुद्धमार्गीहरुको सहयोगमा केही समय ध्यानमा व्यतीत गर्दै गर्दा नेपालका प्रधानमन्त्री र उनकी धर्मपत्नी आरजु राणाको पनि उपस्थिती थियो । सामाजिक सञ्जालमा प्रधानमन्त्री शेरबहादुर देउवाबारे अनेक टीका टिप्पणीहरु समेत गरियो । मोदीको भ्रमणका क्रममा नेपाल र भारतबीचमा ६ वटा समझदारी र सम्झौता भएको छ । जसमध्ये नेपाल विद्युत प्राधिकरण र भारतीय कम्पनी सतलजबीचमा ४९०.२ मेगावाट क्षमताको अरुण-४ जलविद्युत आयोजना संयुक्तरुपमा निर्माण गर्ने सम्झौता भएको छ । मोदीको नेपाल भ्रमण लुम्बिनी दर्शनका लागि मात्रै थिएन, भ्रमणका बेला अरुण-४ को विषयमा भएको सम्झौता निकै शंकास्पद छ । उक्त सम्झौतानुसार नेपाल सरकारको ४९ प्रतिशत र भारत सरकारको ५१ प्रतिशत शेयर बाँडफाँड गर्ने, निर्माण लागतमा भारत सरकारको सहयोग हुने जस्ता कुराहरु लेखिएका छन् ।

> *मोदीको नेपाल भ्रमण लुम्बिनी दर्शनका लागि मात्रै थिएन, भ्रमणका बेला अरूण-४ को विषयमा भएको सम्झौता निकै शंकास्पद छ । उक्त सम्झौतानुसार नेपाल सरकारको ४९ प्रतिशत र भारत सरकारको ५१ प्रतिशत शेयर बाँडफाँड गर्ने, निर्माण लागतमा भारत सरकारको सहयोग हुने जस्ता कुराहरू लेखिएका छन् ।*

तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा लिम्पियाधुरा र लिपुलेक समेटेर नेपालको क्षेत्रफल बढाइएको नक्सा सार्वजनिक गरिएको थियो र तत्कालिन समय प्रधानमन्त्री ओलीको भनेका थिए, "नेपालको भुभाग फिर्ता ल्याएरै छाड्छौ ।" नक्सा प्रकरणमा चीनले भनेको थियो, "त्रिदेशीय बिन्दुमा एकपक्षीय काम नहोस् ।" भारतले भनेको थियो, "त्यो भाग हाम्रो हो, नेपालले गलत दाबी पेश गऱ्यो ।" आखिर चीनले भनेको कुरा भारतले एकलौटीरूपमा निर्णय गर्नु गलत थियो ।

नेपालका विज्ञहरुले भनेका छन्, "नेपालको भूमी हो भन्ने कुराको प्रमाण प्रशस्त भएकोले नेपाल डराउनु पर्दैन ।" तर, यस्ता प्रतिक्रियाहरु आउँदै गर्दा हामीले भन्नैपर्छ कि, हाम्रो वीरताको गाथामा कुनै व्यथा नलागोस्, त्यो भाग हाम्रै हो । भारत एक हेपाहा शैलीको देश छ । उसले छिमेकीलाई सीमा विवादले सधैं सताइरहन्छ । इतिहासतिर फर्कर हेर्ने हो भने आँखामा आँसु नआउने नेपाली को होला र ती भारतीय प्रभावमा चल्ने मान्छे बाहेक ।

वि.सं. २०२७ सालमा तत्कालिन राजा महेन्द्रले भारतीय चौकी हटाउँदा नाकाबन्दी झेल्नुपऱ्यो, वि.सं. २०४५ सालमा राजा वीरेन्द्रले चीनबाट हतियार ल्याउँदा भुकम्पले थला परेको मुलुकमा नाकाबन्दीकै सामना गर्नुपऱ्यो, वि.सं. २०७२ सालको संविधान भारतको अनुकुल नबनाउँदा भूकम्पको बेला ६ महिना लामो नाकाबन्दी नै लगायो । अनि गत वर्षसम्म विश्वव्यापी कोरोना महामारी हुँदा सुटुक्क उसको अधिकार बिहीन ठाउँमा बाटो उद्घाटन गरेरै छोड्यो ! उता सेना प्रमुखको वक्तव्यबाजी अनौठो थियो ।

समय-समयमा भारतीय पक्षकोको नेपाल भ्रमण हुनु भनेको एउटा न एउटा स्वार्थ लुट्ने दाउ मात्र हो भन्ने कुराको ज्ञात हाम्रा शासक वर्गमा हुनुपर्दछ । आफ्नो देशको सुरक्षार्थ पनि हामीले अब सीमाना छुट्याई बार बन्देज गर्नुपर्छ । अन्यथा, शुस्ता, कालापानी, लिपुलेक, लिम्पियाधुरा, पुर्व झापा जिल्लालगायत तराइका कयौं ठाउँहरु हामीले गुमायौं रअझै गुमाउँदै छौं ।

बुद्धले भनेजस्तै, "भाग्यमा होइन कर्ममा, भ्रममा होइन श्रममा विश्वास राख्न सक्नुपर्छ अनि मात्र राज्य र जनता सुखि हुन्छन् ।" अन्यथा भाई फुटे गवाँर लुटे भनेजस्तो मोदीको बेलाबखतका भ्रमणको औचित्यमाथि प्रश्न चिन्ह खडा हुन्छन नै ।

# अल्बानिज बने अस्ट्रेलियाका नयाँ प्रधानमन्त्री




**काठमाडौं / एजेन्सी-** झन्डै एक दशकपछि लेबर पार्टीलाई जित दिलाउँदै एन्थोनी अल्बानिज अस्ट्रेलियाका नयाँ प्रधानमन्त्री निर्वाचित भएका छन् । उनी देशकै पुराना राजनीतिक नेता हुन् । आफ्नो निर्वाचन प्रचार अभियानका क्रममा मतदातालाई 'सुरक्षित परिवर्तन'को वचन दिँदै कन्जरभेटिभ लिबर ल-नेसनल गठबन्धनलाई हराउन सफल भएका छन् । सो पार्टी सन् २०१३ देखि सत्तामा थियो ।

पूर्वप्रधानमन्त्री स्कट मरिसनलाई उनले 'बुलडोजर'को संज्ञा दिँदै आएका छन् । आफू 'निमार्ता' बन्ने प्रतिज्ञा गरेका छन् । एन्थोनी लामो समयदेखि अष्ट्रेलियन निःशुल्क स्वास्थ्य सेवा प्रणालीका रक्षक मानिन्छन् । उनले सक्रिय रूपमा समलिंगी समुदायको समर्थनमा वकालन गर्दै आएका छन् । रिपब्लिकन हुन् ।

५९ वर्षीय एन्थोनीलाई उनकी आमा एक्लैले अपांगता भत्ताको भरमा हुर्काएकी थिइन् । सोही बाल्यावस्थाले उनमा प्रगतिशील विचार स्थापित गराएको उनी बताउँछन् । 'आफ्नो जितपछि देशवासीलाई सम्बोधन गर्दै उनले भनेका छन्, 'म अस्ट्रेलियालाई त्यस्तै देश बनाइराख्न चाहन्छु, जसले तपाईं जहाँ बस्नु भए पनि, जुन धर्म मान्नु भए पनि, जसलाई माया गर्नु भए पनि या तपाईंको नाम थर जे भ एपनि तपाईंको जीवन यात्रामा यसले कुनै बाधा पुऱ्याउने छैन ।'

अल्बानिज २६ वर्षअघि पहिलो पटक सांसदमा चुनिएका थिए । त्यस यताको समयमा लेबर पार्टी जम्मा पाँच वर्षमात्र सरकारमा रह्यो। त्यसमाथि केभिन रुड र जुलिया गिलार्डको शासन त्यति स्थिर रहेन ।

अल्बानिज सन् २००७ मा केभिन रुडको सरकारमा पहिलो पटक मन्त्री बने । त्यसपछि उनले आन्तरिक पार्टी राजनीतिमा पछाडि फर्केर हेर्नु परेको छैन । सन् २०१९ को चुनावमा लेबरको लज्जास्पद हारपछि उनी प्रतिपक्ष पार्टीको नेता चुनिए ।

'म सानो छदाँ आमा मेरो सुन्दर भविष्यको कल्पना गर्थिन् । र, मैले तय गरेको जीवन यात्राले अस्ट्रेलियाली नागरिकलाई उचाइ हासिल गर्न प्रेरित गर्नेछ । म यस्तो अस्ट्रेलियाको चाहन्छु, जहाँ तपाई जहाँ बसे पनि, तपाईले जसलाई प्रार्थना गरे पनि वा तपाईको नामपछाडिको थर जे भए पनि त्यही कुराले तपाईको जीवन यात्रामा अवरोध नपुराओस्,' अल्बानिजले विगतमा भनेका थिए ।

सन् १९६० को दशकको सामाजिक रूपमा रुढीग्रस्त अस्ट्रेलियामा उसै पनि कठोर रोमन क्याथोलिक परिवारमा अल्बानिजको जन्म भएको थियो । साथीसंगीमाझ गाह्रो पर्ला भनेर आमा म्यारियनले अल्बानिजलाई उनका पिता कार्लोस अल्बानिज बितिसकेको बताएकी थिइन् । विवाहको केही पछि नै पिता कार्लोस अल्बानिज कार दुर्घटनामा मरेको बताइएको थियो ।

१४ वर्षको उमेरमा मात्र उनको आमाले साँचो कुरा खुलाइन्: खासमा उनको पिता मरेका होइनन्, बरु दुई जना कहिल्यै विवाह नै भएको थिएन । म्यारीयन उनको अभिभावककै घरमा बसिरहँदा उनको गर्भ बसेको थियो ।

# बाइडेन र मोदीबीच युक्रेनको अवस्थाबारे संवाद हुने

**काठमाडौं / एजेन्सी-** अमेरिकी राष्ट्रपति जो बाइडेन र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच मंगलबार टोकियोमा हुन लागेको चतुर्पक्षीय संवाद (क्वाड) बैठकको सन्दर्भमा हुने द्विपक्षीय भेटवार्तामा युक्रेनको बारेमा रचनात्मक र सीधा संवाद हुने बताइएको छ ।

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले जापानमा प्रधानमन्त्री मोदीसँग अमेरिकी राष्ट्रपतिको द्विपक्षीय भेट बारे जानकारी दिदै भने, 'हामीले युक्रेनको तस्विर कसरी हेर्छौं भन्ने बारे उहाँहरूले पहिले नै गरेको कुराकानीको निरन्तरता हुनेछ । उहाँहरूले ती सबै विषयमा रचनात्मक र सीधा छलफल हुनेछ ।' प्रधानमन्त्री मोदीको जापान भ्रमणको पूर्वनिर्धारित कार्यक्रममा प्रधानमन्त्रीले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग पनि द्विपक्षीय भेटवार्ता गर्ने बताइएको छ ।

'हामी क्षेत्रीय विकास र समसामयिक वैश्विक मुद्दाहरूमा पनि हाम्रो संवाद जारी राख्नेछौं,' प्रधानमन्त्रीले भने । भारतले शनिबार युक्रेनमा चलिरहेको रुस-युक्रेन द्वन्द्व समाधान गर्न कूटनीति र वार्ताको मार्ग नै उत्तम नीति हो भनी युक्रेनमा शत्रुताको तत्काल अन्त्यको लागि आफ्नो आह्वान दोहोर्याएको छ । प्रधानमन्त्रीको जापान भ्रमणबारे पत्रकारहरुलाई जानकारी दिँदै विदेश सचिव विनय मोहन क्वात्राले भने, 'युक्रेनमा हाम्रो अडान एकदम स्पष्ट छ र दोहोर्याइएको छ ।'

प्रधानमन्त्री मोदीले आइतबार पनि क्वाड शिखर सम्मेलनमा नेताहरूले विभिन्न पहल र आपसी हितका मुद्दाहरूमा छलफल गर्ने समय मिल्नेछ । 'आज साँझ म दोस्रो प्रत्यक्ष क्वाड शिखर सम्मेलनमा भाग लिन जापान जाँदैछु । नेताहरूले फेरि एक पटक विभिन्न क्वाड पहल र आपसी हितका अन्य विषयमा छलफल गर्ने अवसर पाउनेछन्,' प्रधानमन्त्रीले भने । प्रजातन्त्र, बहुलवाद र बजार अर्थतन्त्रको साझा मूल्य, मान्यता र यसका निगमहरू मुख्य रूपमा इन्डो प्यासिफिक क्षेत्रमा शान्ति, स्थिरता र समृद्धि प्रवर्द्धन गर्ने लक्ष्यहरूद्वारा अभिप्रेरित देशहरूको साझा मञ्च हो- क्वाड ।

क्वाड समूहको गठन इन्डो-प्यासिफिक क्षेत्रका रणनीतिक र महत्त्वपूर्ण समुद्री मार्गहरूलाई प्रभावमुक्त राख्नको लागि भएको हो भने गठबन्धनको अर्को मुख्य उद्देश्य इन्डो-प्यासिफिक क्षेत्रका ऋण भएका राष्ट्रहरूलाई आर्थिक सहायता प्रदान गर्नु पनि हो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०२/०९**

**ओम शिव पोलिक्लिनिक प्रा.लि.** को मिति २०७९/०१/०५ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **समित माउन्ट हस्पिटल प्रा.लि. (प्रा. लि. नं.: २८२३८९)**, कायम गर्ने गरी मिति **२०७९/०१/१२** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**शाखा कार्यालय बागबजार**
**को**

## तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने तथा कालोसूचिमा नाम समावेश गर्ने बारेको ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९ साल जेष्ठ ९ गते सोमवार)**

तपसिलमा उल्लेखित ऋणीहरूले लिनु भएको बिभिन्न कर्जा शिर्षकको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकमसमेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरू र जमानतकर्ताहरू समेतलाई अनेकौं पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरू, व्यक्तिगत जमानीकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्व चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।

### तपसिल

**१ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ अन्तर्गत मिति २०५८।०२।१० मा दर्ता नं. १५७५८/०५७-५८ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ८, धापासी स्थित **पोताला ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **लुप्त बहादुर दहाल** — बाबु : नारायण बहादुर दहाल — बाजे : मिन बहादुर दहाल — ठेगाना : चत्तरी ६, सिरहा — ना.प्र.प.नं. : १९१८, सिरहा

**२ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ अन्तर्गत मिति २०६०।०४।०७ मा दर्ता नं. २४५४८/०६०/६१ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. २, स्थित **इशान रिक्रुटमेन्ट सर्भिस प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **शिला गुरूङ** — बाबु : तेजेन्द्र भट्टचन — बाजे : गणेश भट्टचन — ठेगाना : पञ्चमूल ४, स्याङ्जा — ना.प्र.प.नं. : १०५२/०५, स्याङ्जा

**३ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ अन्तर्गत मिति २०६१।०२।२७ मा दर्ता नं. २८६५२/०६०/६१ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११, स्थित **फोर्स वान प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **देउ बहादुर गुरूङ** — बाबु : टेक बहादुर गुरूङ — बाजे : चन्द्र सिंह गुरूङ — ठेगाना : पार्चे वडा नं. ८, कास्की — ना.प्र.प.नं. : २११६८, कास्की

**४ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ अन्तर्गत मिति २०५९।०४।०७ मा दर्ता नं. १९३९६/०५९/६० कायम भई दर्ता भएको ललितपुर जिल्ला ल.उ.न.पा. वडा नं. १०, स्थित **गलिभेन्ट मेनपावर प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **तेज बहादुर पोखेल** — बाबु : बखत बहादुर पोखेल — बाजे : जमान सिंह पोखेल — ठेगाना : भरतपुर उ.म.न.पा.-३, चितवन — ना.प्र.प.नं. : ७९६/२७९०८, ललितपुर

**५ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३।०६।०५ मा दर्ता नं. १५६२३७।०७३।०७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. ७, स्थित **इगल हन्टर ओभरसिज प्रा.लि.**
**(साबिक सुधिना ओभरसिज प्रा.लि.)**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **छविलाल कुमार राई** — बाबु : भिम बहादुर राई — बाजे : तिलक बहादुर राई — ठेगाना : ठोरी गा.वि.स.-७, पर्सा — ना.प्र.प.नं. : १०४८४, पर्सा
नाम : **आकाश गिरी** — बाबु : रमेश कुमार गिरी — बाजे : आईत बहादुर गिरी — ठेगाना : धनगढी गा.वि.स.-३, कैलाली — ना.प्र.प.नं. : ६७१०२०/१३५९, कैलाली
नाम : **निगुरी शेर्पा** — बाबु : दातेम्बा शेर्पा — बाजे : तार्के शेर्पा — ठेगाना : भैसिपंखा गा.वि.स.-२, भोजपुर — ना.प्र.प.नं. : ३६१८, भोजपुर
नाम : **विकाश मल्ल** — बाबु : बम बहादुर मल्ल — बाजे : टेक बहादुर मल्ल — ठेगाना : पाखापानी गा.वि.स.-९, पर्वत — ना.प्र.प.नं. : ५११०२६/१५६, पर्वत

**६ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७३।०८।०७ मा दर्ता नं. १५८८४७।०७३।०७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा ९, गौशाला स्थित **ट्युलिप ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **केशब अधिकारी** — बाबु : खड्ग प्रसाद अधिकारी — बाजे : नारायण प्रसाद अधिकारी — ठेगाना : टंकि सिनवारी गा.वि.स.-३, मोरङ, हाल का.म.न.पा.-९, काठमाण्डौ — ना.प्र.प.नं. : ०५-०१-७२-०५३९३, मोरङ

**७ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ बमोजिम मिति २०५८।०७।२७ मा दर्ता नं. १७०८८।०५८।५९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. २, निलसरस्वती स्थित **इमेरल्ड इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि**

व्यक्तिगत जमानतकर्ता
नाम : **सविन सिं गुरूङ्ग** — बाबु : मोहन सिं गुरूङ्ग — बाजे : बुद्धीमान गुरूङ्ग — ठेगाना : भदौरे गा.वि.स.-१, कास्की, हाल निलसरश्वती, काठमाण्डौ — ना.प्र.प.नं. : १५८३, कास्की

**८ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३।१०।०६ मा दर्ता नं. १६२०७४।०७३।०७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ९, स्थित **इलाम ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **दिपक थापा** — बाबु : टेक बहादुर थापा — बाजे : बल बहादुर थापा — ठेगाना : वालिङ ५, स्याङ्जा — ना.प्र.प.नं. : ९१९,स्याङ्जा

**९ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३।१०।०६ मा दर्ता नं. १६२०७२।०७३।०७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४, स्थित **कालिकोट ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **सनमान गोले** — बाबु : सिंह बहादुर गोले — बाजे : लालसिंह गोले — ठेगाना : पदमपोखरी गा.वि.स २, मकवानपुर — ना.प्र.प.नं. : ३१२८/४७२, मकवानपुर
नाम : **प्रेमलाल खरेल** — बाबु : रामचन्द्र खरेल — बाजे : छबिलाल खरेल — ठेगाना : कुडिया गा.वि.स ४, नवलपरासी — ना.प्र.प.नं.: ५५२२४, नवलपरासी
नाम : **औतार सिं वाईवा** — बाबु : जित बहादुर वाईवा — बाजे : मान बहादुर वाईवा — ठेगाना : नामटार गा.वि.स ६, मकवानपुर — ना.प्र.प.नं. : ५६/३७२८९, मकवानपुर

**१० — ऋणीको विवरण**
नेपाल सरकार उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६४।०८।२१ मा दर्ता नं. ४९५६२।०६४।०६५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा १४ स्थित **सारथि ओभरसिज रिकुट्मेन्ट प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **प्रमिला थापा** — बाबु : बेद मान सिंह — बाजे : भुवन सिंह थापा — ठेगाना : इमाडोल गा.वि.स-६, ललितपुर — ना.प्र.प.नं.: ३/७७८/४४/४५, ललितपुर
नाम : **ज्ञान कुमार श्रेष्ठ** — बाबु : प्रेमलाल श्रेष्ठ — बाजे : जगत बहादुर श्रेष्ठ — ठेगाना : चन्द्रलालपुर वडा नं. ७, सिरहा — ना.प्र.प.नं.: १८६२२९१६, सिराहा
नाम : **त्रिलोक मनी लामा** — बाबु : निरमल कुमार लामा — बाजे : वर्ज लामा — ठेगाना : जमदह गा.वि.स -. ८, सिरहा — ना.प्र.प.नं. : १५८१, सिरहा
नाम : **बरूण कुमार लामा** — बाबु : पुष्प लाल तमाङ — बाजे : सुर्य मान लामा — ठेगाना : गौशला वडा नं. ८, महोत्तरी — ना.प्र.प.नं. : ८६४४१५८१, महोत्तरी

**११ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३।१२।०६ मा दर्ता नं. १६५६३७/०७३/०७४ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला टोखा न.पां. वडा नं. ९, स्थित **ए.वन म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **शिशिर प्रसाद श्रेष्ठ** — बाबु : चन्द्र प्रसाद श्रेष्ठ — बाजे : जोगमान श्रेष्ठ — ठेगाना : तानसेन वडा नं. ७, पाल्पा — न.प्र.प.नं. : ३३३३७, पाल्पा
नाम : **प्रकाश सापकोटा** — बाबु : डम्बर बहादुर सापकोटा — बाजे : कर्ण बहादुर सापकोटा — ठेगाना : ज्यामरूककोट-१, म्याग्दी — न.प्र.प.नं. : ४९-०१-७०-०३९५०, म्याग्दी
नाम : **भेषबहादुर घिमिरे** — बाबु : सार्की घिमिरे — बाजे : जितमान घिमिरे — ठेगाना : जौबारी वडा नं. २, गोरखा — न.प्र.प.नं. : ६६०९८, गोरखा

**१२ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३।०९।०६ मा दर्ता नं. १६०४८३।०७३।०७४ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ९, स्थित **जियो नेपाल ओभरसिज प्रा.लि. साबिक शिवशक्ति मेनपावर सर्भिस प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **उतिमलाल साह** — बाबु : जितन साह सुडी — बाजे : अवध शाह — ठेगाना : लालपुर १, सिराहा — न.प्र.प.नं. : १४५, सिराहा
नाम : **त्रीलोक मनी लामा** — बाबु : निरमल कुमार लामा — बाजे : वर्ज लामा — ठेगाना : जमदह ८, सिराहा — न.प्र.प.नं. : १५८१, सिराहा
नाम : **मो. आस** — बाबु : मो. उबैस — बाजे : झियाउलमान रहमान — ठेगाना : मखनाहा ४, सिराहा — न.प्र.प.नं. : ३६९८/५८८८१२९३, सिराहा

**१३ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ अन्तर्गत मिति २०५८।१०।०५ मा दर्ता नं. १७६६३/०५८/०५९ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा, वडा नं. १३, स्थित **ग्लोवल एलाईन्स कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **दिप कुमार अधिकारी** — बाबु : लाल बहादुर अधिकारी — बाजे : गहर सिंह अधिकारी — ठेगाना : पथरी ३, मोरङ — न.प्र.प.नं. : ०५२०२८/९५८५, मोरङ
नाम : **मनोज कुमार राय** — बाबु : राजेन्द्र राय — बाजे : सुवास राय — ठेगाना : धिरापुर ४, महोत्तरी — न.प्र.प.नं. : ७३२, महोत्तरी

**१४ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३।११।२२ मा दर्ता नं. १६४८९०।०७३।०७४ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा ९, स्थित **पब्लिक एच.आर. सोलुसन प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **केशर कुमार मगर** — बाबु : शेर बहादुर मगर — बाजे : जमानसिंह मगर — ठेगाना : खाडादेवी गा.वि.स-४, रामेछाप — ना.प्र.प.नं. : २११०५५/४१८७/४५४१, रामेछाप
नाम : **निल बहादुर मगर** — बाबु : टेक बहादुर मगर — बाजे : नर बहादुर मगर — ठेगाना : दिमिपोखरी गा.वि.स.-३, रामेछाप — ना.प्र.प.नं. : ६८९९४, रामेछाप
नाम : **अजय घिमीरे** — बाबु : यमलाल घिमिरे — बाजे : हेमलाल घिमिरे — ठेगाना : प्रगतीनगर गा.वि.स-४, नवलपरासी — ना.प्र.प.नं. : ३६२०१४/१३९, नवलपरासी

**१५ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/०५/१४ मा दर्ता नं. १७४१८९/०७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा ९, स्थित **बि. एण्ड बि. एच.आर. म्यानेजमेन्ट प्रा.लि. (लिल्याक ओभरसिज प्रा.लि. ई.प.नं. १४१८/०७४/०७५)**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **अजय तामाङ्ग** — बाबु : कृष्ण बहादुर तामाङ्ग — बाजे : जित बहादुर तामाङ्ग — ठेगाना : गुण्डु वडा नं. १, भक्तपुर — ना.प्र.प.नं. : ९६०७, भक्तपुर
नाम : **अरूण कुमार मगर** — बाबु : दल बहादुर मगर — बाजे : लाल बहादुर मगर — ठेगाना : बराहा वडा नं. ६, उदयपुर — ना.प्र.प.नं. : ६९६२७, उदयपुर
नाम : **डिल्ली राम दहाल** — बाबु : लक्ष्मी नारायण दहाल — बाजे : अनन्त राम दहाल — ठेगाना : जलथल वडा नं. ७, झापा — ना.प्र.प.नं. : ३५४११४३३१, झापा

**१६ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३/१०/०६ मा दर्ता नं. १६२०६७/०७३/०७४ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला टोखा न.पा ८, स्थित **रोयल एच.आर. शोलुशन प्रा.लि. (साबिक पाल्पा ओभरसिज प्रा.लि.)**

व्यक्तिगत जमानतकर्ता
नाम : **कृष्ण बहादुर सि.के.** — बाबु : हस्त बहादुर सि.के. — बाजे : दल बहादुर सि.के. — ठेगाना : स्वरेक वडा नं. ८, स्याङ्जा — ना.प्र.प.नं. : ५११४, स्याङ्जा

**१७ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/१०/२४ मा दर्ता नं. ८०३३५/०६७/०६८ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा ९, सिनामंगल स्थित **इनोभेटिभ सर्भिसेज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **हरि बहादुर गुरूङ्** — बाबु : खेम बहादुर गुरूङ् — बाजे : धन बहादुर गुरूङ् — ठेगाना : मुरली भञ्ज्याङ्-९, धादिङ् — ना.प्र.प.नं. : २६३७५, धादिङ्

**१८ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३/०८/१७ मा दर्ता नं. १५९४०७/०७३/०७४ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा १० स्थित **जन्नत ओभरसिज प्रा.लि. (साबिकः अकिरा ओभरसिज प्रा.लि. ई.प.नं. १०७४/०७३/०७४)**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **ओम नारायण जोशी** — बाबु : खिम नारायण श्रेष्ठ — बाजे : डम्बर बहादुर श्रेष्ठ — ठेगाना : तुल्सीपुर वडा नं. ५, दाङ् — ना.प्र.प.नं. : १८८/२२०४, दाङ्
नाम : **तसलीम खाँ मिस्कार** — बाबु : नईम खाँ मिस्कार — बाजे : इस्फु खाँ मिस्कार — ठेगाना : धमौरा वडा नं. १, महोत्तरी — ना.प्र.प.नं. : ५५७१४११४, महोत्तरी

**१९ — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/०९/०७ मा दर्ता नं. १८०३२९/०७४/०७५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा ३२, तिनकुने स्थित **माईपोखरी इन्टरनेशनल प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **चित्र बहादुर बुढाथोकी** — बाबु : काली भान बुढाथोकी — बाजे : नर बहादुर बुढाथोकी — ठेगाना : सिद्धेश्वरी वडा नं. ९, सल्यान — ना.प्र.प.नं. : ५५३०२१/२३९, सल्यान
नाम : **हिम बहादुर बुढाथोकी** — बाबु : सहबिर बुढाथोकी — बाजे : खड्कु बुढाथोकी — ठेगाना : कालागाउ वडा नं. ३, सल्यान — ना.प्र.प.नं. : १२१०, सल्यान

**२० — ऋणीको विवरण**
नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३/११/१० मा दर्ता नं. १६४२८५/०७३/०७४ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा ९ स्थित **रोज फिस एच. आर. सोलुसन प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **बासु प्रसाद खनाल** — बाबु : योगेन्द्र प्रसाद उपाध्याय — बाजे : गोकुल प्रसाद उपाध्याय — ठेगाना : धनुषाधाम वडा नं. १, धनुषा — ना.प्र.प.नं. : २५३५४२८४, धनुषा
नाम : **विश्वयम्वर सिंह** — बाबु : परमेश्वर राय दनुवार — बाजे : शुखल राय दनुवार — ठेगाना : चन्द्रनगर वडा नं. ९, सर्लाही — ना.प्र.प.नं. : १८६५२२६७, सर्लाही

**२१ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट/पब्लिक लिमिटेड कम्पनी अध्यादेश, २०६२ अन्तर्गत मिति २०७०/११/२६ मा दर्ता नं. १०२८१६ कायम भई साबिक धापासी गा.वि.स. वडा नं. ९ स्थित दर्ता कार्यालय रहेको **गतिशिल ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **राम कुमार लामा** — बाबु : ज्ञान बहादुर लामा — बाजे : धन बहादुर लामा — ठेगाना : किर्तिपुर न.पा. वडा नं. ७, काठमाण्डौ — ना.प्र.प.नं. : १८३६/१८२३२, काठमाडौ

**२२ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि. कम्पनी ऐन, २०५३ अन्तर्गत मिति २०६०/०५/१२ मा दर्ता नं. २५०५१/०६०-६१ कायम भई का.म.न.पा. वडा नं. ४ महाराजगञ्ज काठमाडौं स्थित दर्ता कार्यालय रहेको **साकुरा इन्टरनेशनल इम्प्लाइमेन्ट कन्सल्टेन्सी प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **महेन्द्र कुमार राना** — बाबु : पदम बहादुर राना — बाजे : कमान सिं राना — ठेगाना : का.म.न.पा. वडा नं. ३, काठमाण्डौ — ना.प्र.प.नं. : ५२०३/४२११८, काठमाडौं

**२३ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/०१/१९ मा दर्ता नं. १६७८१२/७३/०७४ कायम भई का.म.न.पा. वडा नं. ९ ,सिनामंगल काठमाडौं स्थित दर्ता कार्यालय रहेको **नागिन ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **सम्झना प्रधान** — पति : हरि बहादुर प्रधान — ससुरा : प्रेम बहादुर प्रधान — ठेगाना : शान्तिपुर वडा नं. ७, इलाम — ना.प्र.प.नं. : २३०३/४७९९, काठमाडौं
नाम : **कुमार राउत** — बाबु : अम्बर बहादुर राउत — बाजे : डम्बर बहादुर राउत — ठेगाना : धाइजन वडा नं. ४, झापा — ना.प्र.प.नं. : ३००४२९, झापा
नाम : **लेख बहादुर प्रधान** — बाबु : दान बहादुर प्रधान — बाजे : तिर्थ बहादुर प्रधान — ठेगाना : साघुटार वडा नं. ९, रामेछाप — ना.प्र.प.नं. : १५८३७, रामेछाप

**२४ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/११/०८ मा दर्ता नं. १८४२१०/०७४/७५ कायम भई ललितपुर जिल्ला ललितपर उपमहानगरपालिका २०, महालक्ष्मीस्थान स्थित दर्ता कार्यालय रहेको **ग्लोबल लिंक म्यानपावर सर्भिस प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **सुनिल परियार** — बाबु : होम बहादुर परियार — बाजे : राम बहादुर परियार — ठेगाना : भरतपुर वडा नं. १०, चितवन — ना.प्र.प.नं. : ८०५१/०४४, चितवन

**२५ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७४/०५/२३ मा दर्ता नं. १७४७८६/०७४/०७५ कायम भई का.म.न.पा. वडा नं. १६ काठमाण्डौ स्थित दर्ता कार्यालय रहेको **हिमालय गल्फ ओभरसिज प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **धन बहादुर घले** — बाबु : चन्द्र घले — बाजे : मान बहादुर घले — ठेगाना : वारपाक वडा नं. ७, गोरखा — ना.प्र.प.नं. : ६२७२७, गोरखा

**२६ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६८/०२/११ मा दर्ता नं. ८३४३८/०६७/०६८ कायम भई काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ९ स्थित दर्ता कार्यालय रहेको **डन इन्टरनेशनल ग्रुप प्रा.लि.**

व्यक्तिगत जमानतकर्ता
नाम : **प्रकाश ध्वज बस्नेत** — बाबु : डिल्ली ध्वज बस्नेत — बाजे : दान बहादुर बस्नेत — ठेगाना : त्रियुगा वडा नं. ६, उदयपुर, हाल का.म.न.पा.-४, बालुवाटार — ना.प्र.प.नं. : ५४३१२, इलाम

**२७ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०७३/११/०८ मा दर्ता नं. १६४१२०/०७३/०७४ कायम भई साबिक का.म.न.पा. वडा नं. ३४ काठमाण्डौ स्थित दर्ता कार्यालय रहेको **मिनावा म्यानपावर प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरू
नाम : **आविष्कार शिवाकोटी** — बाबु : गणेश राज शिवाकोटी — बाजे : खेन्द्र प्रसाद शिवाकोटी — ठेगाना : सुनखानी वडा नं. ७, दोलखा — ना.प्र.प.नं.: २२१०१७/४६४, दोलखा
नाम : **दिक्पाल लिम्बु** — बाबु : बाजाहाङ लिम्बु — बाजे : पृथ्वीमान लिम्बु — ठेगाना : सतासीधाम वडा नं. ८, झापा — ना.प्र.प.नं. : ८५२४५५३६ , झापा
नाम : **मोहन सम्सेर योङहाङ** — बाबु : दिल प्रसाद योङहाङ — बाजे : चन्द्र बहादुर योङहाङ — ठेगाना : सतासीधाम वडा नं. ८, झापा — ना.प्र.प.नं.: ८५२४५६६०, झापा
नाम : **खगेन्द्र गुरूङ** — बाबु : दिलिप कुमार गुरूङ — बाजे : हर्क बहादुर गुरूङ — ठेगाना : सिबसताक्षि वडा नं. १०, झापा — ना.प्र.प.नं. : ८५२४५६२५, झापा

**२८ — ऋणीको विवरण**
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (०१) बमोजीम मिति २०६८/०३/१० मा दर्ता नं. ८४१८२/०६७/०६८ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला साबिक का.म.न.पा. वडा नं. ३४ स्थित दर्ता कार्यालय रहेको **गुड सर्भिस इन्टरनेशनल प्रा.लि. (साबिक गड इन्टरनेशनल प्रा.लि.)**

व्यक्तिगत जमानतकर्ता
नाम : **हिमहरि अर्याल** — बाबु : कृष्ण बहादुर अर्याल — बाजे : डिल बहादुर अर्याल — ठेगाना : जुठापौवा वडा नं. २, पाल्पा, हाल साबिक का.म.न.पा.-३४, काठमाण्डौ — ना.प्र.प.नं. : ३९१०२१/९१, पाल्पा

SWIFT Code: PCBLNPKA    Tel:01-4423433    www.primebank.com.np

# बक्स अफिस समाचार

## ‘प्रेमगीत ३’ दशैंमा



**काठमाडौं/मस–** फिल्म ‘प्रेमगीत ३’ यस वर्षको दशैं छेकोमा प्रदर्शनमा आउने भएको छ । आइतबार निर्माण टिमले एक पोस्टर सार्वजनिक गर्दै फिल्मलाई घटस्थापनाको तीन दिन अगाडि अर्थात् असोज ७ गते प्रदर्शन गर्ने निर्णय गरेको छ । अहिलेसम्म यो मिति अरु नेपाली फिल्मले रोजेका छैनन् । फिल्ममा ठूलो लगानी भएका कारण निर्माण टिमले दशैंको विदा रोजेको हो । अरु बेलाभन्दा दशैंमा फिल्म प्रदर्शन गर्दा लगानी उठाउन सजिलो हुने विश्वास निर्माताहरुमा व्याप्त छ ।

कोरोना महामारी नफैलिएको भए फिल्म ‘प्रेमगीत ३’ २०७६ सालमै रिलिज भइसकेको हुने थियो । चैत २८ गतेलाई प्रदर्शन मिति तोकेर निर्माण टिमले प्रचार-प्रसारलाई तीव्रता दिन गीत समेत सार्वजनिक गरिसकेको थियो । तर, कोरोना संक्रमण फैलिएपछि फिल्म अनिश्चितकालका लागि रोकियो । यसपछि निर्माण टिमले भारतमा पनि रिलिज गर्न फिल्मलाई हिन्दी भाषामा डब गऱ्यो ।

हिन्दी डब पूरा भएपछि गत वर्ष निर्माता सन्तोष सेनले भारत र नेपालमा एकसाथ प्रदर्शन गर्ने भन्दै फागुन १३ गतेलाई ‘प्रेमगीत ३’को नयाँ प्रदर्शन मिति घोषणा गरे । तर, प्रदर्शन मिति नजिकिँदै गर्दा कोरोना महामारीको तेस्रो भेरियन्ट फैलिएपछि उनले फिल्म रिलिज गर्ने आँट गरेनन् र फेरि रिलिज पोस्टपोन्ड गरेका थिए ।

छेतेन गुरुङ र सन्तोष सेनले निर्देशन गरेको फिल्ममा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, शिव श्रेष्ठ, मनिष राउत, अनुभव रेग्मी, समृद्धि शाही ठकुरी, सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, पुस्कर कार्की, प्रेम पुरी, लक्ष्मी वर्देवा, योगिशा खत्रीलगायतका कलाकारको अभिनय छ । ‘प्रेमगीत ३’बाट क्रिस्टिनाले अभिनेत्रीको रुपमा डेब्यू गर्दैछिन् । फिल्मलाई राजेश श्रेष्ठले खिचेका हुन् ।

## ‘पासो’को ट्रेलर रिलिज



**काठमाडौं/मस–** रिस्ता बस्नेत र सुनिशा बजगाईंको मुख्य भूमिका रहेको फिल्म ‘पासो’को ट्रेलर रिलिज भएको छ । फिल्म कात्तिक २५ गते प्रदर्शन हुनेछ । ट्रेलरमा दुई युवतीलाई बन्धक बनाएर दिइएको यातना चित्रण गरिएको छ । सस्पेन्स, एक्सन र थ्रिलर फिल्ममा रिस्ताले एक्सन दृश्य पनि पस्किएकी छन् ।

बीआर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा निर्माण भएको फिल्मलाई आरबी पुनले निर्देशन गरेका हुन् । फिल्ममा रामकुमार बस्ताकोटी, प्रतीक दुलाल, प्रणव आकाशको समेत मुख्य भूमिका छ ।

सूर्य दयालुको संगीत रहेको फिल्मको पटकथा र संवाद पनि निर्देशक समेत रहेका पुनले लेखेका हुन् । उत्तम हुमागाईंको छायांकन रहेको फिल्ममा भूपेन्द्र अधिकारीको सम्पादन र सुरज बसेलको नृत्य निर्देशन छ ।

कार्यकारी निर्मातामा राजकुमार राउत छन् । चलचित्रले युवती बलात्कार, हत्या र बदलाको कथा भनेको छ । चलचित्रलाई काठमाडौं बाहिर एफडी कम्पनी र काठमाडौंमा जीजीए ग्रुपले वितरण गर्नेछ ।

## सुनम्रता तथा आरोनले जिते ‘किड्स क्यापिटल’को उपाधि



**काठमाडौं/मस–** चौथो संस्करणको किड्स क्यापिटल-२०२२ को उपाधि सुनम्रता बज्राचार्य र आरोन श्रेष्ठले जितेका छन् । आइतबार ललितपुरमा आयोजित प्रतियोगितामा किड्स क्यापिटल महरु फेसन एम्बासडरको उपाधि प्रसिन कर्माचार्य र स्टेला कडायतले जिते भने किड्स क्यापिटल हुन्छ डटकम एम्बासडरको उपाधि आश्रृया थापाले जितिन् ।

प्रतियोगितामा युवान श्रेष्ठ र आस्भी केसीले लिटिल स्टारको उपाधि जिते भने किन्स श्रेष्ठ र नायुमा श्रेष्ठले लिटिल प्रिन्स तथा प्रिन्सेसको उपाधि जिते । प्रतियोगितामा नम्रता बज्राचार्यले फस्ट रनरअप, अक्षता श्रेष्ठले सेकेण्ड रनरअप, देव्यानी खड्काले थर्ड रनरअप र अनुष्का खड्काले फोर्थ रनरअपको उपाधि जित्न सफल भए । १३ प्रतियोगितामा किड्स क्यापिटलको उपाधि जित्न सफल आरोन श्रेष्ठ र आश्रृया थापालाई गायक कृष्ण विकले आफ्नो आगामी गीतको म्युजिक भिडियोमा अभिनय गराउने बताए । टच इन्टरटेन्मेन्ट तथा स्पर्श फिल्म्सले आयोजना गरेको यो प्रतियोगितालाई डा. दिक्पाल कार्कीले कोरियोग्राफी गरेका हुन् । सञ्चारकर्मी कृष्ण भट्टराई, कलाकार गजित विष्ट, गायक कृष्ण विक, मोडल जोर्डन राजभण्डारी, मोडल प्रियारानी लामा र इभेन्ट मेनेजर कोमलनाथ कोइराला निर्णायकको रुपमा थिए । समारोहमा प्रतियोगीहरुले वीरेन्द्र हमालको निर्देशनमा तयार पारिएको नाटकमा अभिनय गरेका थिए भने संगीतकर्मी सुदेश शर्माको संगीतमा तयार भएको गीत प्रत्यक्ष गाएका थिए ।

### श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूह

**बराहताल गा.पा. ८ सुर्खेत**

**गोलिया काठ/दाउरा लिलाम विक्रि सम्बन्धी सूचना**

यस समुह अर्न्तगत लेखागाउँ सव डिभिजन वन कार्यालयबाट आ.व. २०७८/०७९ मा संकलित तपसिल बमोजिमको गोलिया काठ/दाउरा डिभिजन बन कार्यालय भेरी, बावियाचौर, सूर्खेतको चलानि नं. ९०६ मिति २०७९/०२/०६ गतेको लिलामि सहमतिपत्र अनुसार लिलाम प्रक्रियाद्वारा समुह बाहिर विक्रि गरिने भएकोले यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| प्रजाति/किसिम | ग्रेड | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | A | | B | | C | | | |
| | थान | क्यु.फि. | थान | क्यु.फि. | थान | क्यु.फि. | थान | क्यु.फि. |
| साल गोलिया काठ | ३० | ४८२.७ | ३४ | ३४७.९४ | १३ | १०९.९८ | ७७ | ९४०.६२ |
| असना गोलिया काठ | ३४ | ६८७.३४ | ८४ | ९२१.२८ | ० | ० | | १६०८.६२ |
| सल्लो गोलिया काठ | ० | ० | २५ | २९७.७१ | ० | ० | २५ | २९७.७१ |
| जामुन गोलिया काठ | ० | ० | ४ | १९.०१ | ० | ० | ४ | १९.०१ |
| तिजु गोलिया काठ | तिजु गोलिया काठ थान ४ को २१.४२ क्यु.फि. | | | | | | ४ | २१.४२ |
| दाउरा | साल जातको दाउरा १ चट्टा | | | | | | | |
| दाउरा | असना जातको दाउरा १ चट्टा | | | | | | | |
| जम्मा | | | | | | | २२८ | २८८७.३८ |

**FREE VISA- FREE TICKET ZERO RECRUITEMENT FEES सहित बहराइनको 5 STAR HOTEL मा रोजगारको अवसर**

SOFITEL LUXURY HOTELS
BAHRAIN ZALLAQ THALASSA SEA & SPA

कम्पनी : SOFITEL BAHRAIN ZALLAQ THALASSA SEA AND SPA  शहर : BAHARAIN

पूर्व स्वीकृत मितिः २०७९/०२/०७  चलानी नं.: ६०१७९४८९  LT. No.: 263217

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Attendant | 10 | 10 | स. काममा दक्ष | 150 | ४९,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 5 | 5 | | 150 | ४९,२४८ | | | | | | | |
| 3. | Bellman | 10 | 10 | | 150 | ४९,२४८ | | | | | | | |
| 4. | Butler | 6 | 6 | | 180 | ५९,०९७ | | | | | | | |
| 5. | Chef Commis | 10 | 10 | | 150 | ४९,२४८ | | | | | | | |
| 6. | Chef De Partie | 10 | 10 | | 180 | ५९,०९७ | | | | | | | |
| 7. | Chef-commis | 10 | 10 | | 150 | ४९,२४८ | | | | | | | |
| 8. | Cleaner / Room | 20 | 20 | | 150 | ४९,२४८ | | | | | | | |
| 9. | Coodinator | 6 | 10 | | 220 | ७२,२३० | | | | | | | |
| 10. | Laundry / Presser | 6 | 6 | | 150 | ४९,२४८ | | | | | | | |
| 11. | Receptionist | 10 | 10 | | 220 | ७२,२३० | | | | | | | |
| 12. | Security Officer | 6 | 6 | | 150 | ४९,२४८ | | | | | | | |
| 13. | Technician | 10 | 0 | | 160 | ५२,५३१ | | | | | | | |
| 14. | Therapist | 0 | 10 | | 200 | ६५,६६४ | | | | | | | |
| 15. | Waiter/waitress | 25 | 25 | | 150 | ४९,२४८ | | | | | | | |
| 16. | Worker | 10 | 10 | | 150 | ४९,२४८ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा जेठ १६ गते (30 May 2021) मा हुनेछ ।

यसै कम्पनीको लागि Electrical Engineer Salary BD 1000, Butler- Salary BD 250 , Life Guard - Salary BD 250 को पनि माग भई आएकोले निःशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
GPO Box: 261, Basundhara-29, Kathmandu
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, 9801059552, 9801059553
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

यसै मेनपावर कम्पनीको लागि Learning And Development Maanger, Hr Officer र Receptionist आवश्यकता भएकोले ईच्छुक व्यक्तिहरुले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

**युरोपको रोमानियामा रोजगारको अवसर** | कम्पनी: WORKPOWER SRL शहर: ROMANIA,PLITESTI

पूर्व स्वीकृत मितिः २०७९/०२/०७  चलानी नं.: ६०१७९४९०  L.T. No.: 263057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Mechanic | 5 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८०,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 10 | 10 | | 550 | ६८,०७९ | | | | | | | |
| 3. | Construction Worker | 25 | 0 | | 600 | ७४,२६८ | | | | | | | |
| 4. | General Worker | 20 | 10 | | 550 | ६८,०७९ | | | | | | | |
| 5. | Kitchen Helper | 10 | 0 | | 550 | ६८,०७९ | | | | | | | |
| 6. | Metal Worker | 10 | 0 | | 600 | ७४,२६८ | | | | | | | |
| 7. | Welder | 10 | 0 | | 600 | ७४,२६८ | | | | | | | |
| 8. | Wood Processor | 10 | 0 | | 600 | ७४,२६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | कामदारले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कौशिक जनशक्ति इन्टरनेशनल प्रा. लि.**
कालीमाटीडोल, एर्यरपोर्ट गेट, काठमाडौं, नेपाल, फोनः ५९११९७७,५९११९७८
श्रम ईजाजत नं. ३३०/०५९/०६०
Email:info@kjinepal.com, kjinepal2022@gmail.com
Mobile: 9863028276, 9803371961,9816915010, 9828591387, 9802095984

**युएईमा रोजगार** | कम्पनी : DANAA FOODSTUFF TRADING L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०२/०४  चलानी नं.: ६०१७९४२०  L.T. No.: 263066

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commercial Sales Representative | 1 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५०,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filling Clerk | 1 | 0 | | 2500 | ८४,२५० | | | | | | | |
| 3. | Light Driver | 2 | 0 | | 2000 | ६७,४०० | | | | | | | |

**कतारमा रोजगार** | कम्पनी : GARDEN WORLD शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/०२/०५  चलानी नं.: ६०१७९४१९  L.T. No.: 263175

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 14 | 0 | स. काममा दक्ष | 1000 | ३३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १६ गते (30 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
Manjushree Overseas Services (P) Ltd.
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेशियामा शुन्य लागतको रोजगार !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical,Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)

(Employer Company) : MOLEX (MALAYSIA) SDN. BHD.  MALAYSIA PERUSAHAAN
रोजगारदाता कम्पनी : मोलेक्स (मलेसिया) एसडिएन बिएचडी  मलेसिया, पेरुसाहान

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०१/२८ | चलानी नं.: ६०१७९१०९ | एल टी नं.: २६२८४८ |
| Pre Approval Date: 2022/05/11 | Consignment No.: 60179109 | L.T. No.: 262848 |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
